## अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मान्छेहरूका बिचमा विचार र भावनाहरू साटासाट गर्ने मानवीय तथा सामाजिक वस्तु हो । यसलाई मानवीय बोली र सम्प्रेषणात्मक व्यवहारको रूपमा लिइन्छ । यो प्रयोग तथा व्यवहारमूलक हुने हुँदा जति मात्रामा यसको प्रयोग गर्ने, उपयोग गर्ने, व्यवहार गर्ने गरिन्छ; त्यति नै मात्रामा भाषिक सिपहरूले परिष्कृत र परिमार्जन हुने मौका पाउँछन् । भाषा सिपको शिक्षण हो । भाषाशिक्षण गर्दा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको सन्तुलित अभ्यास हुने गरी शिक्षण गर्नु पर्दछ । नेपाली भाषा पनि यिनै सिपहरूलाई केन्द्रमा राखी शिक्षण गरिन्छ ।

भाषा ज्ञान कम तर सिप र कला बढी भएकाले यसको शिक्षणमा अभ्यासको निकै ठूलो भूमिका रहन्छ । यसर्थ भाषा शिक्षण गर्दा भाषाका बोध र अभिव्यक्ति पक्षसँग सम्बन्धित भाषिक सिपहरूको अभ्यास गराउनु पर्ने हुन्छ । भाषाका चारओटा सिपमध्ये लेखाइ सिप अभिव्यक्तिको लिखित माध्यम हो । लेखाइ सिपको शिक्षण गर्दा हस्त लेखन, अनुलेखन, निबन्ध लेखन, विस्तृतीकरण जस्ता कार्यकलाप गराउन सकिन्छ । लेख्यसिपका विभिन्न कार्यकलापमा आधारित भई लेखन कला शिक्षण गरिन्छ । सिकारुका शैक्षिक, प्राज्ञिक र व्यावहारिक तथा मौखिक अभिव्यक्ति निकटका यावत कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिलाउन, स्वतन्त्र वा सिर्जनात्मक लेखन सामर्थ्य बढाउन, उपयुक्त लेख्य चिह्न र लिपिको प्रयोग गरी स्तरीय लेखन सिप प्राप्त गराउन, लेख्य रूपमा कलात्मक अभिव्यक्ति दिने सामर्थ्य बढाउन र जीवनका व्यावहारिक समस्या समाधान गरी आत्म निर्भर बनेर बाँच्ने लेखन सामर्थ्य दिलाउन लेखन कलाको शिक्षण गरिन्छ ।

घटनावर्णन भनेको कुनै पनि मानिसहरूले जीवनमा आफ्नो सेरोफेरोमा अथवा जीवनका विभिन्न सन्दर्भमा भोगेका, अनुभव गरेका, देखेका, सुनेका र बेहोरेका विविध कुराहरूलाई आधार बनाई लिखित वा मौखिक रूपमा वर्णन गर्न लगाउने कार्यकलाप नै घटनावर्णन हो । हरेकले देखे, सुनेका वा भोगाका जानेका, अनुभव गरेका बेग्ला बेग्लै घटना, यात्रा, दैनिक क्रियाकलापमा भएका विशेष घटनालाई स्वतन्त्र, स्तरीय ढङ्गले उपयुक्त शैली शृङ्खला र सङ्कथन मिलाई लिखित, मौखिक रूपमा अभिव्यक्त गर्ने क्षमता नै घटनावर्णन

क्षमता हो । घटनावर्णन क्षमता लेखाइ र बोलाई सिपसँग सम्बन्धित छ । भाषाकै माध्यमबाट कुनै पनि विषयवस्तु घटेका घटनालाई शिलशिलाबद्ध ढङ्गबाट सरल सहज भाषाशैलीको प्रयोग, स्पष्ट रूपमा वर्णन गर्नु घटनावर्णन हो । यस्ता जीवन भोगाइ, यात्रा देखेर, भोगेका विषयलाई लिएर लिखित मौखिक रूपमा प्रस्तुत गर्न सक्ने सिर्जनात्मक क्षमतालाई शुद्ध गर्ने महत्त्वपूर्ण कार्यकलाप घटनावर्णन हो । विद्यार्थीले वर्णनात्मक लेखन तथा मौखिक सक्षमतातिर डोऱ्याउन सिलसिलाबद्ध लेखन तथा बोलाइका माध्यमबाट प्रस्तुति गर्न घटनावर्णन महत्त्वपूर्ण हुन्छ ।

## १.२ समस्याथकन

प्रस्तुत अध्ययनमा कक्षा सातमा लिखित अभिव्यक्तिद्वारा सिकारुको विचार सङ्गठन वा प्रस्तुतीकरण, वाक्यरचनात्मक, शब्दप्रयोगगत, वर्णविन्यासगत सफाइगत जस्ता त्रुटिहरूको अध्ययन गर्न सकिन्छ । लिखित अभिव्यक्ति क्षमता राम्रो बनाउनका लागि सिकारु यसमा अभ्यस्त हुन आवश्यक छ । घटनावर्णनका क्रममा लिखित अभिव्यक्ति क्षमताको अध्ययन निम्न समस्यालाई आधार मानी गरिएको छ ।

(क) खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको समग्र घटनावर्णन क्षमता कस्तो छ ?

(ख) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा घटनावर्णन क्षमता कस्तो छ ?

(ग) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा घटनावर्णन क्षमता कस्तो छ ?

(घ) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा घटनावर्णन क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्य निम्नानुसार रहेका छन् :

क) खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको समग्र घटनावर्णन क्षमता पहिचान गर्नु,

ख) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा घटनावर्णन क्षमताको स्थिति पहिल्याउन,

ग) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको स्थिति पहिल्याउनु,

घ) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको विद्यालयका प्रकृतिका आधारमा घटनावर्णन क्षमताको स्थिति पहिल्याउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषा मानव जातिको अमूल्य सम्पत्ति हो । जुनसुकै जातिको पनि समस्त कथा भाषामा नै रहेको हुन्छ । जुनसुकै व्यक्तिको पनि समस्त रूप, स्वरूप, आँसु, हाँसो, भावना, विचार भाषाबाट नै बुझिन्छन् । त्यसैले भाषा विचार विनिमयको माध्यम हो । जुन कथ्य र लेख्य अभिव्यक्तिको माध्यमबाट आदानप्रदान गरिन्छ । भाषाको प्राचीन रूप कथ्य हो । तापनि शैक्षिक तथा प्रशासनिक कार्यका भाषाको लेख्य रूपलाई बढी प्राथमिकता दिइन्छ । लेखाइ सिपको विकास गर्न घटनावर्णन प्रमुख क्रियाकलापको रूपमा रही आएको छ । विद्यार्थीहरूमा विकसित लिखित र संज्ञानात्मक क्षमताको पहिचान गर्ने प्रमुख आधार घटनावर्णन भएको हुँदा यस अध्ययनमा विद्यार्थीहरूको घटनावर्णन क्षमतालाई विशेष जोड दिएको छ ।

कुनै आन्तरिक विचार अध्ययनबाट प्राप्त ज्ञान तथा दृश्यावलोकनका आधारमा तयार पारिएको स्वतन्त्र लेखनका रूपमा घटनावर्णन चिनाउन सकिन्छ । यसमा व्यक्तिका निश्चित विचारलाई प्रकट गरिनुको साथै वस्तुपरक सत्यतथ्यलाई पनि उत्तिकै स्थान दिइन्छ । यिनै आन्तरिक विचार र सत्यतथ्य विषयवस्तुको श्रृङ्खलाबद्ध प्रस्तुति घटनावर्णनमा पाइन्छ । उक्त पक्षको आकलन गर्न पनि यो अध्ययन सान्दर्भिकता देखिन्छ ।

विद्यालय तहका पूर्वप्राथमिक तहदेखि माध्यमिक तहसम्म र अझ त्यसभन्दा माथिल्ला तहसम्म आवश्यकताअनुसार उपयोग गर्न सकिने लिखित अभिव्यक्ति सिप विकास विशेष महत्त्वका साथ हेरिएको छ । भाषाका चारवटा सिपहरूमध्ये लेखाइ सिपले लिखित अभिव्यक्ति पक्षलाई अँगाल्दछ । कुनै पनि व्यक्तिले भन्न खोजेको कुराहरू कसरी अभिव्यक्त गर्दछ भन्ने कुरा लेखाइ सिप परीक्षणबाट मात्र स्पष्ट हुन्छ । यस आधारमा लक्षित तह र समूहका सिपसम्बद्ध पाठ्यांशलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनोट र स्तरण गर्न यस

प्रकारका अध्ययनहरूले सहयोग गर्दछ । निम्नमाध्यमिक तहका विद्यार्थीहरूको घटनावर्णन क्षमता पहिचान गरी सोही बमोजिमका क्रियाकलापमा सरलता र सहज मिल्ने अपेक्षा पनि यस शोधपत्रबाट गरिएको छ । विद्यार्थीहरूको लेखन क्षमता पहिचान गरी आवश्यक सामग्री र शैक्षणिक क्रियाकलाप सञ्चालनमा यस अध्ययनले सूचना दिनेछ । यसै गरी गतिशील समयसँग पाठ्यसामग्री शिक्षण प्रक्रिया र पद्धति परिमार्जन गर्दै लैजान तथा विद्यार्थीहरूको भाषिक लेखन क्षमतासम्बन्धी अध्ययन गर्न चाहने अध्येताहरूलाई पनि प्रस्तुत अध्ययन सन्दर्भ सामग्रीका रूपमा महत्त्वपूर्ण ठहर्ने छ ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन निम्नलिखित सीमामा सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत शोध खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमा सीमित रहेको छ ।

ख) उक्त जिल्लाभित्रका तिन संस्थागत र तिन सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई मात्र समावेश गरिएको छ । प्रत्येक विद्यालयका सोह्र-सोह्र जना गरी जम्मा ९६ जना विद्यार्थीहरू अध्ययनमा सीमित गरिएको छ ।

ग) उक्त विद्यालयका उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता परीक्षणबाट आएको तथ्याङ्कको विश्लेषण सीमित रहेको छ ।

घ) भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन मात्र सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोध अध्ययनलाई निम्नानुसार अध्यायहरूमा विभाजन गरी अन्तिम रूप दिइएको छ :

अध्याय एक- शोधपरिचय

अध्याय दुई - पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तिन - शोधविधि र अध्ययन प्रक्रिया

अध्याय चार -	खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको विश्लेषण

अध्याय पाँच -	खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा घटनावर्णन क्षमताको विश्लेषण

अध्याय छ -	खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको विश्लेषण

अध्याय सात -	खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको विद्यालयको प्रकृतिका आधारमा घटनावर्णन क्षमताको विश्लेषण

अध्याय आठ :	सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धान सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समिक्षा हो (बन्धु, २०६५ : २८) । पूर्व अध्ययनको समीक्षाले अनुसन्धानलाई एक निश्चित मार्ग प्रदान गर्दछ । यहाँ पूर्व अध्ययन भइसकेका शोध पत्रहरूका राम्रा र नराम्रा पक्षहरूको टीकाटिप्पणी सहित कालक्रमिक रूपमा क्रमश प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तक पुनरावलोकन

विभिन्न पुस्तकहरूमा घटनावर्णन क्षमतासम्बन्धी सैद्धान्तिक चर्चा गरिएको पाइन्छ । यी पुस्तकहरूमध्ये केही महत्त्वपूर्ण पुस्तकहरूको निम्नानुसार चर्चा गर्न सकिन्छ :

अधिकारी (२०६९) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा भाषा शिक्षण अध्ययनको विविध पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण क्रियाकलापअन्तर्गत घटनावर्णन शिक्षण पनि समावेश गरिएको छ । यसमा लेखाइ शिक्षण सम्बन्धी क्रियाकलापहरू लेखाइको शुद्धीकरण अभ्यासिक तथा निर्देशित लेखन, स्वतन्त्र तथा सिर्जनात्मक लेखनमा बढी जोड दिएका छन् ।

पौडेल (२०७०) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा लेखाइ शिक्षणका कार्यकलापमा घटनावर्णन लेखनलाई पनि समावेश गरिएको छ । यसमा विद्यार्थीहरूले आफ्नो सेरोफेरोमा देखेका, सुनेका वा अनुभव गरेका घटना, उनीहरूले गरेका गाउँ, ठाउँ, सहर, बजार वा यस्तै रमणीय ठाउँका यात्रा तथा उनीहरूका खाने लाउने काम गर्ने वा भविष्यमा गर्न सक्ने पेसा, व्यवस्था वा कार्यकलापजन्य वैयक्तिक रुचिका प्रसङ्गलाई लिइ स्वतन्त्र रूपमा मौखिक र लिखित वर्णन गर्न लगाउन सकिने साथै एकअर्का साथीका शैली र कथन सौन्दर्यको सिको गर्ने र मौलिक अभिव्यक्ति ढङ्ग विकास गर्ने सिर्जनात्मक क्षमता निर्माण गर्नमा यस्तो कार्यकलाप प्रभावकारी हुन्छ भनिएको छ ।

अधिकारी र शर्मा (२०७१) द्वारा लिखित *प्रारम्भिक नेपाली शिक्षण* नामक पुस्तकमा घटनावर्णन क्षमता विद्यार्थीले आफ्नो सेरोफेरोमा देखेका, सुनेका वा अनुभव गरेका घटना उनीहरूले गरेका गाउँ, ठाउँ, सहर, बजार वा यस्तै रमणीय ठाउँमा यात्रा तथा उनीहरूका खाने, लाउने, हेर्ने, काम गर्ने वा भविष्यमा गर्न सक्ने पैसा व्यवसाय वा कार्यकलाप जन्य वैयक्तिक रुचिका प्रसङ्गलाई लिई स्वतन्त्र रूपमा मौखिक वर्णन गर्न लगाउन सकिने उल्लेख गरिएको छ । त्यस्तै गरि हरेकले देखे, सुने वा जानेका बेग्ला बेग्लै घटना, यात्रा तथा रुचिका प्रसङ्गले. कथालाई रोचक बनाउनुका साथै स्वतन्त्र र स्तरयुक्त ढङ्गले उपयुक्त शैली, शृङ्खला र सङ्कथन मिलाई अभिव्यक्त गर्ने क्षमता विकासमा सघाउ पुग्दछ भनेर चर्चा गरिएको छ ।

खनाल (२०७२) द्वारा लिखित *शैक्षिक अनुसन्धान पद्धति* पुस्तकमा घटनावर्णन कुनै निश्चित गुण वा विशेषताको बाँधिएको व्यक्ति, समूह, संस्था, कार्यक्रम वा घटनालाई छनोट गरी त्यस भित्रका समस्या वा मुद्दालाई विभिन्न विधिहरू (अवलोकन, अन्तर्वार्ता, चित्र, प्रमाण, छलफल इत्यादि) बाट गहिराइसम्म पुगेर अध्ययन गर्ने विधि घटना अध्ययन हो । कुनै व्यक्ति, संस्था, समुह कार्यक्रम आदिलाई अलग अलग एकाइ मानेर तिनीहरूको सम्पूर्ण पक्षको गहनतम अध्ययन गर्ने पद्धतिलाई घटना अध्ययन भनिन्छ । घटना अध्ययनमा निश्चित एकाइ छनोट गरी त्यसको चौडाइभन्दा गहिरासम्मका अध्ययन गरिन्छ । यस अध्ययन पद्धतिमा एकपटक एउटै एकाइको सूक्ष्मतम एवम् गहन अध्ययन गरिन्छ । सुरुवातमा घटना अध्ययन पद्धति चिकित्सा क्षेत्रमा बिरामीको पारिवारिक अवस्था, विगतको गतिविधि, लक्षण तथा मनोवैज्ञानिक कारणहरूमा खोजी गर्ने प्रयोग गरिन्थ्यो । हाल आएर जुनसुकै सामाजिक एकाइभित्र अन्तरनिहित समस्याको निदान गर्ने उद्देश्यले घटना अध्ययन गरिन्छ भनिएको छ ।

### २.१.२ सम्बद्ध शोधकार्यको पुनरावलोकन

निरौला (२०६२) द्वारा 'कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा भएको पाइन्छ । कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, निबन्ध लेखन क्षमताको तुलना गर्नु र सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । विधि अन्तर्गत तथ्याङ्क शास्त्रीय विधिहरूको

प्रयोग गरिएको पाइन्छ । सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये ५ विद्यालयबाट १०/१० जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा तुलना गरिएको छ । निष्कर्ष स्वरूप विद्यार्थीहरू निबन्ध लेखन क्षमतामा कमजोर रहेको देखाइएको छ । उक्त अध्ययनमा सामग्रीको निर्माण र मानकीकरणमा त्यति ध्यान दिएर अध्ययन गरिएको देखिदैन । आवश्यकीय विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन तथा विश्लेषण अन्यन्त व्यवस्थित ढङ्गले गरिएको छ । निबन्ध लेखन क्षमतासँग घटनावर्णन लिखित अभिव्यक्ति क्षमता शीर्षक मिल्दोजुन्दो देखिन्छ । यति हुँदा हुँदै पनि निबन्ध लेखन क्षमतामा 'निबन्ध' प्रमुख विधा हुने र घटनावर्णन लिखित अभिव्यक्तिमा अन्य कुराहरू घटनावर्णनका क्रममा लिखित अभिव्यक्ति क्षमताको अध्ययन गरिएको हुनाले निबन्ध लेखन क्षमताभन्दा स्पष्ट रूपमा फरक देखा पर्दछ ।

रेग्मी (२०६४) द्वारा 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । यसमा मातृभाषी विद्यार्थी र विमातृभाषी विद्यार्थीहरूको लेख्य चिह्न सम्बन्धी क्षमताको अध्ययन गर्ने र समाधानका लागि सुझाव दिने उद्देश्य राखिएको छ । काठमाडौँ उपत्यकाका निजी र सरकारी विद्यालय गरी आठ वटा विद्यालयमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसमा नमुनाका रूपमा ४० विद्यार्थीहरूबाट प्रत्येक विद्यालयबाट ८/८ जनाका दरले नमुना छनोट गरिएको छ । निष्कर्ष स्वरूप विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगको क्षमता सन्तोषजनक रहेको देखाइएको छ । लेख्य चिह्न प्रयोगमा नियन्त्रित प्रश्नको प्रभावकारिता न्यून हुने र सन्तोषजनक परिणाम आउनुमा ढुक्क हुने अवस्था भने रहँदैन । लिखित अभिव्यक्ति क्षमताका लागि लेख्य चिह्न आवश्यक तत्व हो । दुवै शीर्षक लेखन सिपसँग मिल्ने देखिन्छन् । लेख्य चिह्न प्रयोग क्षमताको अध्ययनमा लेख्य चिह्नलाई केन्द्रविन्दुमा राखेर अध्ययन गरिएको छ भने अध्ययनीय शीर्षकमा लेख्यचिह्नका साथै लिखित अभिव्यक्तिमा अन्य क्षेत्रसम्बन्धी पनि अध्ययन गरिएकाले भिन्न एवम् विशिष्ट रूपमा देखापर्दछ ।

निरौला (२०६५) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन' गरिएको छ । कथा लेखन क्षमताको अध्ययन गर्नु, तुलना गर्नु र कथा लेखन क्षमताको स्थितिको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । अध्ययन विधिमा सर्वेक्षण विधिका चरणहरूको प्रयोग गरिएको छ । उत्तर कुञ्जिकाको प्रयोग गरी तथ्याङ्क

सङ्कलन र विश्लेषण गरिएको छ । उक्त अध्ययनको निष्कर्षले कथा लेखन तथा लिखित अभिव्यक्ति क्षमतामा विद्यार्थीहरू कमजोर रहेको देखाइएको छ । स्वतन्त्र लेखनभन्दा निर्देशनात्मक लेखन राम्रो रहेको, विषयवस्तुको संयोजन ठीकै रहेको र भाषिक शुद्धतामा कमजोरी रहेको देखाइएको छ । संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता राम्रो रहेको छात्र र छात्रामा समानता रहेको देखाइएको छ । उक्त शोधको उद्देश्य  कथा लेखन क्षमता र तुलनात्मकतामा केन्द्रित रहेको छ । नमुनाका रूपमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई लिई १० ओटा विद्यालयबाट ५/५ जना गरी जम्मा ५० जना विद्यार्थीलाई संलग्न गराएको छ । यो शीर्षकमा लेखन क्षमताका थप अन्य क्षेत्रहरूलाई समावेश गरी अध्ययन गरिएको छ । त्यसैले कथा लेखन क्षमताका सन्दर्भमा घटनावर्णनका क्रममा लिखित अभिव्यक्ति क्षमताको अध्ययन फरक किसिमको रहेको छ ।

पौडेल (२०६५) द्वारा 'नवलपरासी जिल्लाका कक्षा छ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' गरिएको छ । उक्त शोधका उद्देश्यहरूमा निबन्ध लेखन क्षमताको अध्ययन गर्नु, विभिन्न आधारहरूमा तुलना गर्नु र कमजोरी निराकरणका लागि सुझावहरू प्रस्तुत गर्नु रहेका छन् । विधिअन्तर्गत नमुना जनसङ्ख्याको छनोट, सामग्री निर्माण, पूर्व परीक्षण, तथ्याङ्क सङ्कलन, विश्लेषण र तुलना गर्नु रहेका छन् । नवलपरासी जिल्लाका कक्षा छका विद्यार्थीलाई नमुनाका रूपमा ५ ओटा विद्यालयबाट १०/१० जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई संलग्न गराएको छ । निष्कर्षस्वरूप निबन्ध लेखन क्षमतामा विद्यार्थीहरूको स्थिति कमजोर रहेको देखाइएको छ । उक्त शोधले विद्यार्थीको स्तर क्षमता र पाठ्यक्रमले राखेका उद्देश्यअनुरूपताका दृष्टिले अध्ययन गर्न सकेको छैन । सम्पूर्ण विद्यार्थीहरूको औसत स्तर कमजोर देखिनुले सामग्री निर्माण तथा मानकीकरणमा त्यति ध्यान दिइएको देखिदैन । उचित विधिको प्रयोग र आवश्यकीय सुझाव यस शोधका राम्रा पक्षहरू भएका कारण अध्ययनीय शोधको निकट देखिन्छ । यति हुँदाहुँदै पनि उक्त शोधले निबन्ध लेखनलाई सर्वोपरि ठानेर अध्ययन गरेको छ भने अध्ययनीय शोधले लिखित अभिव्यक्तिका विविध क्षेत्रको अध्ययन गर्ने भएकाले यो शीर्षक भिन्न एवम् मौलिक किसिमको रहेको छ ।

पौडेल (२०६५) द्वारा 'कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । वादविवाद लेखन क्षमताको अध्ययन गर्नु, विभिन्न आधारमा तुलना गर्नु र कमजोरीका आधारमा सुझाव प्रस्तुत गर्नु उक्त अध्ययनका उद्देश्यहरू रहेका छन् । कक्षा नौका विद्यार्थीहरूलाई नमुनाका रूपमा १० ओटा विद्यालयबाट ५/५ जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई संलग्न गराएको छ । विधि अन्तर्गत प्राथमिक र द्वितीय स्रोतका सामग्रीको प्रयोग, यादृच्छिक नमुना छनोटद्वारा सामग्रीको निर्माण मानकीकरण र व्याख्या विश्लेषण गरिएको छ । निष्कर्षमा अपेक्षित परिणाम मध्यम स्तरको रहेको देखाइएको छ । सहरीभन्दा ग्रामीण, संस्थागतभन्दा सार्वजनिक, छात्राभन्दा छात्रहरूको तुलनात्मक स्थिति राम्रो देखाइएको छ । भाषाको प्रयोग संरचना पक्ष र विषयवस्तुमा कमजोर स्थिति देखाइएको छ । उक्त शोधको शीर्षक र अध्ययनीय शोधको शीर्षकले लेखन क्षमताको अध्ययनमा समानता राख्दछन् । उक्त शोधले वादविवाद लेखन क्षमता कस्तो छ भन्ने कुरालाई जोड दिएर अध्ययन गरेको छ । विद्यार्थीहरूको तर्कशैली प्रस्तुतीकरण आदिलाई उक्त अध्ययनले समेटेको अध्ययनीय शीर्षकमा लिखित अभिव्यक्तिका विविध पक्षहरूलाई घटनावर्णनका क्रममा अध्ययन गरिएको भएकाले आफैमा विशिष्ट रहेको देखापर्छ ।

पौडेल (२०६५) द्वारा 'सिन्धुली जिल्ला कक्षा छमा अध्ययनरत दनुवारी मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपालीमा लिखित अभिव्यक्ति क्षमताको अध्ययन' नामक शोधकार्यमा लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, परीक्षणीय पक्षहरूका आधारमा तथ्याङ्कको विश्लेषण गर्नु र सुझाव दिनु जस्ता उद्देश्यहरू राखी गरिएको अध्ययनमा निष्कर्षतः विद्यार्थीहरू लिखित अभिव्यक्ति क्षमतामा कमजोर रहेको देखाइएको छ । किनारा छोडाइ र वाक्य गठनमा अत्युत्तम, छात्रा र छात्रबीच समानता, सङ्गठन र शृङ्खलाबद्धताको स्तर निम्न रहेका देखाइएको छ । नमुनाका रूपमा सिन्धुली जिल्लाका कक्षा छका पाँचओटा विद्यालयबाट १०/१० जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई लिइएको छ । लिखित अभिव्यक्ति क्षमतामा परीक्षणीय पक्षहरूको राम्रो अध्ययन उक्त शोधमा भएको छ । उक्त शोधसँग अध्ययनीय शोधले अत्यन्त मेल खान्छ । यति हुँदा हुँदै पनि कक्षागत विविधता, अध्ययन क्षेत्रगत विविधता, शीर्षकगत विधिता आदिका कारण उक्त शोधका तुलनामा अध्ययनीय शोधकार्य नितान्त, रूपमा भिन्न एवम् मौलिक देखापर्छ ।

खतिवडा (२०६६) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चित्र तथा वस्तु वर्णन सम्बन्धी लिखित क्षमताको अध्ययन' नामक शोधकार्यमा चित्र तथा वस्तु वर्णन सम्बन्धी लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, परीक्षणीय पक्षहरूका आधारमा प्राप्त तथ्याङ्कको विश्लेषण गर्नु र समस्याहरूको निराकरणका लागि सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू राखी गरिएको अध्ययनमा निष्कर्षः विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता सामान्य रहेको देखाइएको छ । नौ वटा परीक्षणीय पक्षहरूमध्ये ५ वटा परीक्षणीय पक्षहरूमा विद्यार्थीहरूको क्षमता स्तर सकारात्मक रहेको छ भने बाँकी ४ वटा परीक्षणीय पक्षहरूमा विद्यार्थीहरूको क्षमता स्तर नकारात्मक रहेको देखाइएको छ । परीक्षणीय पक्षहरूमध्ये किनारा छोडाइ र सफाइ, लेख्य चिह्न प्रयोग, शब्द छनोट तथा प्रयोग, अभिव्यक्ति शैली, शृङ्खलाबद्धता जस्ता पक्षहरूमा विद्यार्थीहरूको क्षमता स्तर सकारात्मक रहेको छ भने वर्ण विन्यास, वाक्य गठन, मानक भाषाको प्रयोग, विषयवस्तुको ज्ञान जस्ता पक्षहरूमा विद्यार्थीहरूको क्षमता स्तर नकारात्मक देखाइएको छ । लिखित अभिव्यक्ति क्षमतामा परिक्षणीय पक्षहरूको राम्रो अध्ययन उक्त शोधमा भएको छ । उक्त शोधसँग अध्ययनीय शोधले मेल खानछ । यति हुँदा हुँदै पनि कक्षागत, विविधता, अध्ययनगत क्षेत्र विविधता, शीर्षगत विविधता आदिका कारण उक्त शोधका तुलनामा अध्ययनीय शोध नितान्त रूपमा भिन्न एवम् मौलिक देखापर्छ ।

कँडेल (२०६८) द्वारा 'बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु, थारु भाषी विद्यार्थीहरूको विद्यालयगत र लैङ्गिक आधारमा तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी बिच तुलना गर्नु रहेको छ । नमुनाका रूपमा बर्दिया जिल्लाका कक्षा आठका १० ओटा विद्यालयबाट ५/५ जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई लिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूमा बढी राम्रो क्षमता रहेको र समूहगत आधरमा सार्थक अन्तर देखिए पनि समग्रमा राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन लिखित अभिव्यक्ति सँग सम्बन्धित भएका कारण अध्ययनीय शोधको निकट

देखिन्छ । यति हुँदाहुँदै पनि उक्त शोधले चिठी लेखनलाई सर्वोपरि ठानेर अध्ययन गरेको छ भने अध्ययनीय शोधले लिखित अभिव्यक्तिका विविध क्षेत्रको अध्ययन गर्ने भएकाले यो शीर्षक भिन्न किसिमको रहेको छ ।

भण्डारी (२०७२) द्वारा 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शोधकार्यमा अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, अनुच्छेद लेखन क्षमता पहिचान गर्नु र छात्र छात्राहरूको अनुच्छेद लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्यहरू राखी गरिएको अध्ययनमा निष्कर्षः सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो देखाइएको भाषा, संरचना, वर्ण, विषयवस्तु सामान्य खालको उल्लेख गरिएको छ भने अनुच्छेद लेखन क्षमता न्यून स्तरको रहेको देखाइएको छ । नमुनाका रूपमा बझाङ जिल्लाका कक्षा आठका पाँच ओटा विद्यालयबाट १०/१० जना गरी म्मा ५० जना विद्यार्थीहरूलाई लिएको छ । उक्त अध्ययन लिखित अभिव्यक्तिसँग सम्बन्धित भएका कारण अध्ययनीय शोधको निकट देखिन्छ । यति हुँदा हुँदै पनि उक्त शोधले अनुच्छेद लेखनलाई सर्वोपरी ठानेर अध्ययन गरेको छ भने अध्ययनीय शोधले लिखित अभिव्यक्तिका विविध क्षेत्रहरूको अध्ययन गर्ने भएकाले यो शीर्षक भिन्न एवम् मौलिक किसिमको रहेको छ ।

रिजाल (२०७२) द्वारा 'कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा भएको पाइन्छ । कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाउनु पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता पत्ता लगाउनु र विद्यालयको प्रकृतिका आधारमा विद्यायार्थीहरू बिच निमन्त्रणा लेखन क्षमता पत्ता लगाइ निराकरणका उपाय सुझाउनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । विधि अन्तर्गत तथ्याङ्क सङ्कलन, प्रतिशताङ्क, मानक विचलन, मध्यमान जस्ता तथ्याङ्क शास्त्रीय विधिहरूको प्रयोग गरिएको पाइन्छ । नमुनाका रूपमा कक्षा बाह्रका ४ विद्यालयबाट २०/२० जना गरी जम्मा ८० जना विद्यार्थी लिएको छ । निष्कर्ष स्वरूप विद्यार्थीहरू निमन्त्रणा लेखन क्षमता उच्च रहेको देखाइएको छ । उक्त अध्ययनमा सामग्रीहरूको निर्माण र मानकीकरण राम्रो ध्यान दिएर अध्ययन गरिएको देखिन्छ । आवश्यकीय विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन तथा विश्लेषण अत्यन्त व्यवस्थित ढङ्गले गरिएको छ । निमन्त्रणा लेखन क्षमतासँग घटनावर्णन

क्षमता केहि मिल्दो-जुल्दो हुँदाहुँदै पनि निमन्त्रणा लेखन क्षमतामा 'निमन्त्रणा' प्रमुख विधि हुने र घटनावर्णनमा अन्य कुराहरू पनि समेटिने हुन्छ त्यसकारण फरक देखा पर्दछ ।

सुवेदी (२०७२) द्वारा 'अछाम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । सारांश लेखन क्षमताको अध्ययन गर्नु र विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु उक्त अध्ययनका उद्देश्यहरू रहेका छन् । विधि अन्तर्गत प्राथमिक र द्वितीय स्रोतका साम्रग्रीको प्रयोग, यादृच्छिक नमुना छनोटमा सामग्रीको निर्माण मानकीकरण गरिएको छ । नमुनाका रूपमा अछाम जिल्लाका कक्षा छका ५ विद्यालयबाट १०/१० जना गरी जम्मा ५० जना विद्यार्थी लिएको छ । निष्कर्षमा अपेक्षित परिणाम मध्यम स्तरको रहेको देखाइएको छ । सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन राम्रो देखाइएको छात्रहरूभन्दा छात्राहरूको सारांश लेखन राम्रो देखाइएको छ । उक्त शोधले सारांश लेखन क्षमता कस्तो छ भन्ने कुरालाई जोड दिएर अध्ययन गरेको छ । अध्ययनीय शीर्षकमा लिखित अभिव्यक्तिका विविध पक्षहरूलाई घटनावर्णनका क्रममा अध्ययन गरिएको भएकाले आफैमा विशिष्ट रहेको देखापर्छ ।

प्रस्तुत अध्ययन विवरणबाट के पुष्टि हुन्छ भने नेपाली भाषामा निबन्धलेखन, निमन्त्रणालेखन, सारांशलेखन, वस्तु तथा चित्र वर्णनसम्बन्धी अध्ययन भए तापनि अहिलेसम्मको अध्ययनलाई हेर्ने हो भने घटनावर्णन क्षमताको अध्ययन हुन सकेको छैन । घटनावर्णनसम्बन्धी शोधकार्य अत्यन्त आवश्यक रहेको छ । यसबाट विद्यार्थीहरूको घटनावर्णन क्षमताको हुन सक्ने भएकाले यो शीर्षक छानिएको हो ।

## २.२ सैद्धान्तिक परिचय

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाका माध्यमद्वारा जुनसुकै कुरा बुझाउन र बुझ्न सकिने हुँदा यसलाई माध्यम भनिएको हो । मानव विकासको प्रारम्भ सँगसँगै भाषाको औचार्य अर्थात् कथ्य रूपमा भएको हो । मानव विकास सँगसँगै विभिन्न प्रविधिहरूको विकास हुँदै सोही सिलसिलमा भाषा पनि लिपिबद्ध हुन थालेको छ । अतः अहिलेको लिपिबद्ध भाषिक रूप औच्चार्य रूपमा रहेको भाषिक रूपको विकसित रूप हो ।

भाषा मानवीय र सामाजिक वस्तु हो । यो मानव मात्रको निजी पेवा हो र समाजद्वारा दरपिँढी हुँदै प्राप्त हुने वस्तु हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्छ र सामाजिक सम्पर्क स्थापना र वृद्धि गर्न यसको उपयोग समाजमै गर्छ । भाषाको आर्जन एकातिर घर परिवार तथा छिमेकको सम्पर्कबाट स्वतः हुँदै गएको हुन्छ भने अर्कातिर औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ । मानिसको उमेर र सामाजिक सम्पर्क विस्तार हुँदै जाँदा भाषाको पनि विकास हुँदै जान्छ र सामाजिक तथा मानवीय व्यवहारको अभिन्न अङ्ग बन्छ । यस्तो व्यवहार वैचारिक आदान प्रदानका माध्यमबाट सम्पन्न हुन्छ । अरूद्वाारा भाषाका माध्यमले व्यक्त गरिएका विचार वा भावनालाई बुझ्नु 'आदान' हो भने आफ्ना विचार वा भावनालाई अरू समक्ष प्रस्तुत गर्नु 'प्रदान' हो । यही विचार आदान प्रदानको सर्वाधिक सरल र सुगम माध्यम नै भाषा हो (पौडेल र शर्मा, २०७० : ८१)

कुनै पनि भाषाका मौखिक र लिखित दुई माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ र यसको प्रयोग वक्ता र श्रोताको सामप्यमा हुन्छ । मौखिक भाषा ध्वन्यात्मक माध्यम भएकाले विचार विनिमयका लागि सरल, सुगम र प्रभावकारी हुन्छ । भाषाको वास्तविक रूप पनि मौखिक नै हो तर विभिन्न कारणले गर्दा मानव समाजमा लिखित भाषाको पनि प्रयोग हुन्छ । भाषाको लिखित माध्यम मौखिक भाषाकै प्रतिरूप हो र यसलाई कागत र कलमको सहायताले विभिन्न लेख्य चिह्नको उपयोग गरी प्रस्तुत गरिन्छ । लेख्य भाषा श्रव्यात्मक नभई दृश्यात्मक हुन्छ, त्यसैले यसमा वक्ता र श्रोताको सामीप्य चाहिँदैन । यसबाट मानवीय विचार र भावनाहरूलाई सङ्ग्रह गरेर कालान्तरसम्म राख्न सकिन्छ । लिखित भाषाबाटै मानवले ज्ञान विज्ञानका क्षेत्रमा उपलब्ध गरेका प्राप्ति र उपादेयताहरूलाई सुरक्षित गरेर राख्न सकिन्छ र तिनको अध्ययन र उपयोग गरेर युग युगान्तरसम्म मानवीय सभ्यताको विकासमा टेवा पुऱ्याउन सकिन्छ । अतः भाषाको लेख्य माध्यम सिक्नु अनिवार्य हुन्छ । साक्षर बनेर लेखपढ गर्न जानी भाषालाई विभिन्न उद्देश्यले उपयोग गर्ने क्षमता प्राप्त गर्न शिक्षामा लेख्य भाषाको अधिक महत्त्व हुन्छ (पौडेल र शर्मा, २०७० : ८२) ।

लेखाइमा वक्ताको अभिव्यक्ति देश र कालको सीमित घेराभित्र मात्र रहँदैन । आफूले गरेका अनुभव एवम् ज्ञानसँगसँगै समय र स्थानको सीमाबद्धतामा नहेर अरूलाई भागेदार

बनाउने माध्यम लेखाइ भएकाले विशेषतः शिक्षित वर्गमा बोलाईका साथै यसको महत्त्व अझ बढ्दै गइरहेको छ (अधिकारी, २०६३: ११०) । लेखाइ शिक्षण एउटा महत्त्वपूर्ण शिक्षण हो ।

कुनै पनि विद्यार्थीहरूले आफ्नो जीवनका विभिन्न सन्दर्भमा भोगेका, अनुभव गरेका, देखेका, सुनेका र बेहोरेका विविध कुरालाई आधार बनाइ लिखित रूपमा वर्णन गर्न लगाउने कार्यकलाप नै घटनावर्णन हो । कक्षाको स्तर हेरी घरदेखि विद्यालय जाँदासम्मको यात्रा वर्णन र त्यसक्रममा देखेका, भेटेका, सुनेका, थाहा पाएका, कल्पना गरेका आदि विभिन्न कुराहरूको वर्णनदेखि लिएर कुनै मेला, जात्रा, चाडपर्व, शैक्षिक भ्रमण, वनभोज, यात्रा, नियात्रा, कुनै ठूलो सानो महामारी, कार्यक्रम, भूकम्प, बाढी, पहिरो, युद्ध, सङ्घर्ष आदि विविध सन्दर्भलाई विषय बनाउन सकिन्छ । घटनावर्णबाट विद्यार्थीहरूमा नेपाली भाषाको मानक तथा स्तरीय रूप लेखन क्षमता बढाउँदै लैजान सहज हुन्छ । विद्यालय तहमा लेखाइ शिक्षणलाई शिक्षण सिकाइ प्रक्रियाका महत्त्वपूर्ण अङ्गका रूपमा लिइन्छ । अन्य शैक्षणिक क्रियाकलापहरूका अतिरिक्त लेखनकलामा विद्यार्थीहरूलाई दक्ष बनाउन र सिर्जनात्मक क्षमताको विकास गराउन घटनावर्णन क्रियाकलाप शिक्षणको ठूलो भूमिका रहेको देखिन्छ ।

### २.२.१ **मौखिक अभिव्यक्ति**

मौखिक अभिव्यक्तिलाई बोलाई सिप पनि भन्न सकिन्छ । सुनेका, देखेका, अनुभव गरेका र पढेका कुरालाई ध्वनिप्रतीकहरूद्वारा स्रोता समक्ष सरल, सहज, स्पष्ट र प्रभावपूर्ण रूपले व्यक्त गर्ने उपायलाई मौखिक अभिव्यक्ति भनिन्छ (ढकाल, २०६६ : १८६) ।

भाषाको प्रकटीकरण गर्ने कथन सन्दर्भ अथवा कथ्य रूपलाई मौखिक अभिव्यक्ति भनिन्छ र त्यसलाई  सामान्य भाषामा ‘बोलाइ’ भनिन्छ । मानिसले बोलिको माध्यमबाट आफ्ना मनका भावना, विचार, धारणा, मनोकांक्षहरू पूरा गर्छ । सामान्य कुराकानी, गफगाफ, भलाकुसारी, जान पहिचान, ज्ञानगुण, हँसीठट्टा, आदेश, निर्देश, मनोरञ्जन दुःख अथवा पिर कथन, आश्वासन, हौसला, सहानुभूति, बिन्ती, पुकार, सम्बोधन, कल्पन, विकल्पन, गायन, गुनगुन, क्रोध, करुणा, विलाप, घृणा, समर्थन, विरोध, निषेध आदि यावत प्रकार्यपरक भाषिक सन्दर्भहरूको सरल, व्यावहारिक र प्रभावकारी प्रकटनको माध्यम बोली हो (शर्मा र पौडेल, २०७० : १०८) ।

भाषाका सुनाइ, पढाइ र लेखाइ सिपमा जतिसुकै दक्ष भए पनि व्यक्ति बोलीमा कमजोर छ भने उसको जीवन नै अपाङ्ग र अधुरो बन्छ किनकि बोली दैनिक जीवनको अभिन्न अङ्ग तथा मानवीय सम्पर्क र आवश्यकता पूर्तिको सर्वोपरी माध्यम पनि हो ।

### २.२.१.१ मौखिक अभिव्यक्तिको आवश्यकता र महत्त्व

मान्छेले आफ्ना इच्छा र आवश्यकताको आपूर्ति गर्ने सरल र प्रभावपूर्ण उपाय बोलाइ नै हो । बोली व्यक्तिको व्यक्तित्वलाई परिचित गराउने सर्वसुलभ उपाय पनि हो । काला अक्षर भैंसी बराबर भएकाहरूका लागि सुन्नु र बोल्नु नै भाषिक आदान-प्रदानका निर्वैकल्पिक उपाय हुन् । साक्षरहरूले सुनेर र पढेर विचार ग्रहण गर्न सक्छन् भने बोलेर लेखेर विचारको प्रकटीकरण गर्न सक्छन् । निरक्षर साक्षर सबै प्रकृतिका मानिसहरूले बोलेर आफ्ननो आवश्यकताको सहज आपूर्ति गर्न सक्छन् । नेपाली भाषी समाजमा बोलाइसँग सम्बद्ध विभिन्न भनाइ प्रचलित छन् । बोल्नेको पिठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन; 'हाने मर्छ बोले टर्छ', 'बोल्यो कि पोल्यो', 'मुखै शत्रु मुखै मित्रु', 'थुतुनो जोगाउनुपर्छ' । पहिलो र दोस्रो भनाइले बोलाइको महत्त्वलाई झल्काएका छन् भने बाँकी भनाइले बोलाइमा संयम, सचेतता र सतर्कताको आवश्यकतालाई झल्काउँछन् । बोलाइ व्यक्तिगत, पारिवारिक र सामाजिक आवश्यकता पनि हो । सामाजिक मान्छेको सम्बन्ध र सम्पर्कलाई सुमधुर र समन्वयात्मक बनाउन बोलाइ अनिवार्य हुन्छ (ढकाल, २०६६ : १८६) ।

### २.२.१.२ मौखिक अभिव्यक्तिको लिखित अभिव्यक्तिसित सम्बन्ध

मौखिक अभिव्यक्ति अर्थात् बोलाइ र लिखित अभिव्यक्ति अर्थात् लेखाइ विचार प्रकटिकरणका उपाय हुन् । मौखिक अभिव्यक्ति ध्वन्यात्मक रूपमा प्रस्तुत हुन्छ । यसमा दिमाग र उच्चारण अङ्गहरूको संलग्नता हुन्छ । लिखित अभिव्यक्तिमा दिमाग, आँखा र हातको त्रिकोणात्मक संलग्नता रहन्छ । यो लिपिचिह्नहरूद्वारा प्रकटित हुन्छ तापनि बोलाइ र लेखाइका बिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ । बोलाइ मान्छेको अनिवार्य र आधारभूत आवश्यकता हो । लेखाइ बोलाइजस्तो अनिवार्य र आधारभूत आवश्यकताको वस्तु होइन तर आजको मान्छेका लागि लेखाइ पनि अनिवार्य आवश्यकता हुन थालेको छ । सामान्य रूपमा बाँच्न लेख्न जान्नु पर्दैन तर मान्छे सामान्य होइन अरूका तुलनामा स्तरीय र विशिष्ट

जीवनयापन गर्न रुचाउँछ र रोज्दछ । त्यसकारण सामान्य जीवनलाई स्तरीकरण र विशिष्टीकरण गर्ने उपाय लेखाइ हुन सक्छ ।

जसरी सुनाइको पृष्ठभूमि बोलाइका लागि अनिवार्य सर्त हुन्छ, त्यसरी नै लेखाइबाट बोलाइ र पढाइले पृष्ठपोषण प्राप्त गर्दछन् । सुनाइले बोलाइ, पढाइ र लेखाइलाई सघाइरहेको हुन्छ । भाषाको यी चारवटै सिप परस्परमा सम्बन्धित छन् । बोलाइ उच्चारक अवयवद्वारा प्रकटित ध्वन्यात्मक बोली हो । ध्वन्यात्मक अभिव्यक्तिलाई लिपिचिह्नहरूद्वारा प्रकट गर्न सकिन्छ । त्यसैले लेखाइ लिपिबद्ध बोली हो ।

मौखिक अभिव्यक्तिमा श्रोता सामुन्ने हुँदा वक्ताले श्रोताको सहमति असहमति प्रत्यक्ष रूपममा पाउँछ । वक्ताले उत्साहित-निरुत्साहित भई विचार लम्याउन-छोट्याउन सक्छ । लिखित अभिव्यक्तिमा पाठकको प्रत्यक्ष पृष्ठपोषण लेखकले पाउन सक्दैन ।

मौखिक अभिव्यक्ति कुराकानी, संवाद, वादविवाद, वक्तृता, प्रश्नोत्तर र अभिनयस्ता भाषिक क्रियाकलापसँग प्रत्यक्ष रूपमा सम्बन्धित देखिन्छ भने अप्रत्यक्ष रूपमा अन्य विधाहरूसँग पनि सम्बन्धित देखिन्छ तर लिखित अभिव्यक्ति उपर्युक्त दुबै प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । साहित्यका सबै विधा, उपविधाहरूलाई खासखास विधागत संरचनामा ढालेर विचारको प्रकटीकरण गर्न र त्यसलाई सम्प्रेषणीय बनाउन, लिखित अभिव्यक्तिमा बढीभन्दा बढी अभ्यास गराउनु आवश्यक हुन्छ (ढकाल, २०६६ : २८१) ।

### २.२.२ लिखित अभिव्यक्ति

अभिव्यक्तिका विभिन्न माध्यमहरू हुन सक्छन् । ती माध्यमहरूमध्ये लेखन एक प्रमुख माध्यम हो । बोलेर विचार विनियम गर्न नसकिने अवस्थामा लेखनको सहारा लिइन्छ । आफ्नो पनि लेखन अपरिहार्य बन्न सक्छ । सामाजिक आवश्यकता परिपूर्ति गर्न पनि लेखन सिप अत्यन्त आवश्यक छ । समाजलाई मार्गनिर्देश गर्न र समाजका विविध पक्षको उद्घाटन गर्न लिखित अभिव्यक्ति क्षमताको अन्यन्त आवश्यक  पर्दछ । लिखित अभिव्यक्ति प्रत्यक्ष श्रोता नभएको अवस्थामा आवश्यकत पर्छ । त्यस्तै गरी संबोध्य व्यक्ति अज्ञात रहेको अवस्थामा पनि लेखन आवश्यक छ । लेखाइ व्यक्तिको वैयक्तिक सन्तुष्टिको माध्यम पनि बन्न सक्छ (अधिकारी, २०५० : १००) । विभिन्न किसिमका गीत, सङ्गीत, साहित्य, कला आदिको लेखनद्वारा व्यक्तिले आफ्ना भावना, कल्पना एवम् संवेगलाई जनसमक्ष राख्न चाहन्छ

र उसले समाजप्रतिको आवश्यक छ । शिक्षणका क्रममा महत्त्वपूर्ण कुराहरूको टिपोटद्वारा शिक्षण गर्नु र ती शिक्षणीय मुख्यमुख्य कुराहरूको टिपोटका लागि सिकाइमा लेखन आवश्यक छ ।

भाषाको स्तरीय मानक रूप लेख्य रूप हो । लेखनका औपचारिक भाषाको प्रयोग गरिन्छ । त्यसैले लेखनमा प्रयोग गरिएको भाषा सरल, स्पष्ट, सुबोध र प्रभावकारी हुनु नितान्त आवश्यक छ । इतिहास, कला संस्कृतिको जर्गेना गर्न लेखनको ठूलो भूमिका रहेको हुन्छ । आफ्नो धर्म, संस्कृति परम्परालाई अरू समक्ष प्रस्तुत गर्न र अरूको धर्म संस्कृति परम्परा प्रतिको ज्ञान हासिल गर्न पनि लेखन आवश्यक छ । यसरी हेर्दा लिखित अभिव्यक्ति भनेको वक्ता र बोद्धाका बिचमा अप्रत्यक्ष रूपमा ज्ञानको आदान प्रदान हुने माध्यम हो ।

मानवीय अनुभव एवम् विचारको प्रकटीकरण बोलइबाट मात्र नभइ लिखित रूपमा पनि गर्न सकिन्छ तर लिखित अभिव्यक्तिको सबैभन्दा ठूलो बैगुन भनेको यसले साक्षर पाठकको अपेक्षा गर्दछ । यो बढी औपचारिक प्रकृतिको हुन्छ । मानव मनका सम्पूर्ण अभिव्यक्तिहरू विचारहरू, धारणाहरू बोलाइबाट मात्रै व्यक्त गर्नु असम्भव प्राय : हुने हुनाले त्यस्तो अवस्थामा लिखित अभिव्यक्ति अत्यन्तै महत्त्वपूर्ण हुन्छ ।

### २.२.२.१ लिखित अभिव्यक्तिको आवश्यकता र महत्त्व

भाषिक सिपमध्ये लेखाइ एउटा महत्त्वपूर्ण सिप हो । यसबाट सुनेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गरिन्छ । लिखित अभिव्यक्ति शिक्षणको आवश्यकता र महत्त्व तहगत उद्देश्य र कक्षागत उद्देश्यअनुसार फरकफरक हुन सक्छ । यहाँ नि.मा.वि. तह अन्तर्गत अध्ययनरत कक्षा सातका विद्यार्थीहरूको लिखित अभिव्यक्ति शिक्षणको आवश्यकता र महत्त्वअनुसार उल्लेख गरिएको छ । निम्नमाध्यमिक तहको पाठयक्रमले उद्देश्यहरूलाई सिपगत ढाँचामा निर्धारण गरेको छ (पा.वि.के., २०६९ : २८) । कक्षा सातमा ३२ ओटा सक्षमताहरू अन्तर्गत पर्दछन् । जसमा लेखाइसम्बन्धी १३ ओटा सक्षमताहरू रहेका छन् । अभिव्यक्तिको क्रममा हिज्जे र वाक्यगठन मिलाई सफा र शुद्धसँग लेख्न, विभिन्न लेख्य चिह्न, चिह्न मिलाइ लेख्न, विभिन्न चित्र वस्तु तथा देखे सुनेका घटनाको वर्णन गर्न, शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न प्रश्नोत्तर लेख्न व्याख्या गर्न, विभिन्न घरायसी चिठीपत्र, निवेदन लेख्न, सिलसिला मिलाएर प्रबन्ध लेख्न, व्याकरणसम्बन्धी

ज्ञान दिने खालका विषयवस्तुलाई उजागर गर्न विषयवस्तुको सङ्गठन, प्रस्तुतीकरण, शैली र माध्यममा उल्लेख्य दक्षता हासिल गर्ने किसिमको शिक्षण सिकाइ हुनु आवश्यक छ ।

आफ्नो ज्ञान सिप धारणालाई सिकारुले प्रभावकारी एवम् कलात्मक किसिमले अभिव्यक्त गर्न सक्ने किसिमको लेखन सिप विकास हुनु आवश्यक छ । आफ्नो आवश्यकता र व्यवहारिक प्रयोजनका लागि पनि लिखित अभिव्यक्ति क्षमता राम्रो हुनुपर्दछ । समय, काल, परिस्थिति, वातावरण र प्रसङ्गअनुसारको अभिव्यक्ति गर्नका लागि लेखन सिप आवश्यक छ । सफा, शुद्ध, स्पष्ट, सरल, सुबोध भाषाशैलीको प्रयोग गरी आवश्यक कुराहरूलाई सिलसिला मिलाएर अभिव्यक्ति गर्दा व्यक्तिको ज्ञानमा निखारता आउँछ । त्यसैले वर्णदेखि लिएर अनुच्छेदसम्मको लेखनका लागि व्यक्तिले निरन्तर लेखन क्षमता अभ्यासलाई बढाउँदै लैजानु अत्यन्त आवश्यक छ । यही आवश्यकताअनुसारको शिक्षण गर्ने क्रममा सिकारुका कमीकमजोरीहरूको निराकरण गरिनु पर्दछ ।

### २.२.३ घटनापरिचय

कुनै निश्चित गुण वा विशेषताले बाँधिएको व्यक्ति, समूह संस्था, कार्यक्रम वा घटनालाई छनोट गरी त्यसभित्र समस्या वा मुद्दालाई विभिन्न विधिहरू (अवलोकन, अन्तर्वार्ता, छलफल इत्यादि) बाट गहिराइसम्म पुगेर अध्ययन गर्ने विधि घटना अध्ययन हो । कुनै व्यक्ति, संस्था, समूह कार्यक्रम आदिलाई अलग अलग एकाइ मानेर तिनीहरूको सम्पूर्ण पक्षको गहनतम् अध्ययन गर्ने पद्धतिलाई घटना अध्ययन भनिन्छ । घटना अध्ययन निश्चित एकाइ छनोट गरी त्यसको चौडाइभन्दा गहिराइसम्मको अध्ययन गरिन्छ । यस अध्ययन पद्धतिमा एकपटक एउटै एकाइको सूक्ष्मतम एवम् गहन अध्ययन गरिन्छ । सुरुवातमा घटनाअध्ययन पद्धति चिकित्सा क्षेत्रबाट विरामीका पारिवारिक अवस्था, विगतको प्रयोग गरिन्थ्यो । हाल आएर जुनसुकै सामाजिक एकाइभित्र अन्तरनिहित समस्याको निदान गर्ने उद्देश्यले घटना अध्ययन गरिन्छ (खनाल, २०७२ : १३४) ।

घटनाको अध्ययन समस्याको कारण पत्ता लगाउने र समाधानको बारेमा सुझाउ दिने कार्यसँग बढी सम्बन्धित हुन्छ । शैक्षिक क्षेत्रमाा कमजोर र मानसिक दुर्वलता भएका विद्यार्थीहरूको खास समस्या पहिचान गर्न यो विधि प्रचलित छ । घटना अध्ययनका लागि एकाइको छनोट गर्नु एक महत्त्वपूर्ण कार्य हो । कुनै खास व्यक्तिको भन्दा पनि एउटै किसिमका समस्या भएका व्यक्तिहरूको प्रतिनिधित्व हुन सक्ने गरी अध्ययनका लागि

व्यक्तिको छनोट गर्नु उपयुक्त हुन्छ । यसो गर्दा अध्ययनबाट प्राप्त निष्कर्षलाई सामान्यीकरण गरी समस्या समाधानको एउटै उपाय अवलम्बन गर्न सकिन्छ (खनाल, २०७२ : १३४) ।

मानिसहरूले जीवनमा आफ्नो सेरोफेरोमा अथवा जीवनका विभिन्न सन्दर्भमा भोगेका, अनुभव गरेका, देखेका, सुनेका र बेहोरेका विविध कुरालाई आधार बनाई लिखित वा मौखिक रूपमा वर्णन गर्न लगाउने कार्यकलाप नै घटनावर्णन हो । हरेकले देखे, सुनेका वा भोगेका, जानेका, अनुभव गरेका, बेग्लाबेग्लै घटना, यात्रा, दैनिक क्रियाकलापमा भएका विशेष घटनालाई स्वतन्त्र, स्तरीय ढङ्गले उपयुक्त शैली, शृङ्खला र सङ्कथन मिलाई लिखित, मौखिक रूपमा अभिव्यक्त गर्ने क्षमता नै घटनावर्णन हो ।

घटनाको अध्ययन समस्याहरूको कारण पत्ता लगाउने र समाधानको बारेमा सुझाउ दिने कार्यसँग बढी सम्बन्धित हुन्छ । शैक्षिक क्षेत्रमा कमजोर र मानसिक दुर्वलता भएका विद्यार्थीहरूको खास समस्या पहिचान गर्न योगविधि प्रचलित छ । घटना अध्ययनका लागि एकाइको छनोट गर्नु एक महत्त्वपूर्ण कार्य हो । कुनै खास व्यक्तिको भन्दा पनि एउटै किसिमका समस्या भएका व्यक्तिहरूको प्रतिनिधत्व हुन सक्ने गरी अध्ययनका लागि व्यक्तिको छनोट गर्नु उपयुक्त हुन्छ (खनाल, २०७२ : १३५) ।

### २.२.४ घटनाका स्वरूप

घटनावर्णन पनि निबन्ध, कथा, वादविवाद जस्तै विद्यार्थीहरूको अभिव्यक्ति क्षमता विकासका निम्ति रहेको कार्यकलाप हो । घटनावर्णन व्यक्तिले घटना घटेको वा प्रत्येक रूपमा देखे भोगेका आधारमा आफ्ना तर्क, विचार प्रस्तुत गरी स्वतन्त्र रूपमा मौखिक वा लिखित अभिव्यक्ति गर्न सकिन्छ भने यस्ता केही घटना वा कसैले सुनाएको आधारमा कल्पनाको आधारमा र संस्मरणात्मक रूपमा घटना वा विषयवस्तुको व्याख्या वर्णन प्रस्तुति गर्न सकिन्छ । तसर्थ प्रत्यक्ष भोगेको, सुनेका, देखेका, जानेका बेग्लाबेग्लै घटना, यात्रा तथा रुचिका प्रसङ्गहरूले कक्षालाई रोचक बनाउनुका साथै स्वतन्त्र एवम् स्तरयुक्त ढङ्गले उपयुक्त शैली शृङ्खला र सङ्कथन मिलाएर अभिव्यक्ति दिने प्रभावकारी क्षमता विकासमा सघाउ पुग्छ । एक अर्का साथीका शैली र कथन सौन्दर्यको सिको गर्ने र आफ्नै प्रकारको अभिव्यक्ति ढङ्ग विकास गर्न सिर्जनात्मक क्षमता निर्माण गर्नमा पनि यस्तो कार्यकलाप प्रभावकारी हुनै ठानिन्छ ।

# अध्याय तिन

# शोधविधि प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत अध्ययनबाट खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस उद्देश्य परिपूर्तिका लागि खोटाङ जिल्लाभित्रका विद्यालयहरूमध्ये श्री कालिका मा.वि., नेर्पा-२, खोटाङ, श्री हिमालय नि.मा., दिक्तेल-५ सोल्मा खोटाङ, श्री सरस्वती मा.वि., दिक्तेल बजार खोटाङ, दिक्तेल, अङ्ग्रेजी आवासिय उ.मा.वि., दिक्तेल बजार माटिकोरे खोटाङ, हिल साइड सेम्पल एकेडेमी दिक्तेल बजार, खोटाङ र माउन्ड एभरेस्ट इङ्लिस हाइस्कुल दिक्तेल नगरपालिका-२, खोटाङ गरी जम्मा ६ वटा विद्यालयका ९६ जना विद्यार्थीहरू अध्ययनका लागि तथ्य सङ्कलन गरिएको छ । तथ्यसङ्कलन गर्दा शीर्षक प्रत्यक्ष विद्यार्थीहरूसँग सम्बन्धित भएको विद्यार्थीहरूलाई नै अध्ययनका केन्द्रविन्दु बनाई क्षेत्रीय अध्ययन सर्वेक्षण विधि साथै आवश्यकताअनुरूप अन्य विधिको उपयोग गरिएको छ ।

## ३.२ सामग्री सङ्कलन विधि

### ३.२.१ क्षेत्रीय अध्ययन विधि

क्षेत्रीय अध्ययन विधिमा अनुसन्धानसँग सम्बन्धित क्षेत्रमा नै गएर त्यहाँको वस्तुस्थितिका बारेमा अध्ययन गरिन्छ । प्रस्तुत शोध कार्य पनि खोटाङ जिल्लाका सम्बन्धित विद्यालयहरूमै गएर विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गरिएको छ । उक्त अध्ययनका लागि निम्नलिखित विधि र प्रक्रियाहरूको प्रयोग गरिएको छ :

#### ३.२.१.१ जनसङ्ख्या क्षेत्र

प्रस्तुत अध्ययनमा खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । शैक्षिक सत्र २०७३ का कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू नै जनसङ्ख्याका रूपमा मानिएको छ । तर अध्ययनको प्रयोजन भौगोलिक विषमता, समय र आर्थिक कठिनाइजस्ता विविध कारणहरूले गर्दा खोटाङ जिल्लाभरिका सम्पूर्ण विद्यार्थीहरूमा अध्ययन गर्न असम्भव रहेकाले खोटाङ जिल्लाभित्रका छवटा

सामुदायिक विद्यालयमध्येबाट २४ छात्र र २४ छात्रा र संस्थागत विद्यालयमध्येबाट २४ छात्र र २४ छात्रा गरी समान प्रतिनिधित्व हुने गरी जनसङ्ख्या छनोट गरिएको छ ।

### ३.२.१.२ प्रतिनिधि नमुना

अनुसन्धानका लागि लिइएको जनसङ्ख्यालाई केन्द्रित भई त्यसबाट छानिएका सानो अंशलाई नमुना भनिन्छ । अध्ययन सम्बन्धित रहेको सम्पूर्ण जनसङ्ख्याबाट केही अंश छान्ने र त्यसलाई सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधि मानेर अध्यनय गर्ने कार्य अनुसन्धानमा हुन्छ । त्यसैले सम्पूर्ण प्रतिनिधित्व गराउनु नै नमुना छनोट गर्नु हो । त्यसैले खोटाङ जिल्लाका कक्षा सातमा पढ्ने विद्यार्थीको घटनावर्णन क्षमताको जाँच गर्नका लागि खोटाङका ६ वटा विद्यालयबाट ९६ जना विद्यार्थी छानी अध्ययन गरिएको छ ।

**(क) विद्यालय छनोट**

खोटाङ जिल्लाभित्रका श्री कालिका मा.वि., नेर्पा, श्री हिमालय नि.मा.वि., दिक्तेल, श्री सरस्वती मा.वि., दिक्तेल बजार, दिक्तेल अङ्ग्रेजी आवासीय उ.मा.वि., दिक्तेल बजार, हिल साइड सेम्पल एकेडेमी दिक्तेल बजार, माउन्ट एभरेस्ट इङ्लिस हाइस्कुल दिक्तेल रहेका छन् ।

**(ख) विद्यार्थी छनोट**

छनोटमा गरिएका विद्यालयहरूबाट प्रतिविद्यालय १६ जनाका दरले ८ छात्र र ८ छात्रा पर्ने गरी विद्यार्थीहरूको छनोट गरिएको छ । छनोटमा परेका विद्यार्थीहरूको नामावली परिशिष्टमा राखिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका स्रोत

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनलाई वस्तुनिष्ठ र विश्वसनीय बनाउका लागि विभिन्न प्रकारका प्रश्नावलीहरू निर्माण गरी उक्त प्रश्नको उत्तर लेख्न लगाई सामग्री सङ्कलन गरिएको छ । उक्त शोधकार्यका तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण दृष्टांश र अदृष्टांश गरी दुई किसिमका अनुच्छेद छनोट गरी सामग्री निर्माण गरिएको छ । दृष्टांशअन्तर्गत कक्षा सातको अनिवार्य नेपाली विषयको ‘छठ’ प्रबन्धलाई सामग्रीको रूपमा लिइएको छ । अदृष्टांश अन्तर्गत नेपालीहरूको महान चाड ‘दशैं’ लाई सामग्रीको रूपमा लिइएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

यस अध्ययनका लागि द्वितीयक स्रोतका रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक, शोधपत्र, पत्रपत्रिका, पुस्तकहरू अवलम्बन गरिएको छ । त्यस्तै शोधकार्यलाई परिणाममुखी बनाउन सम्बन्धित भाषाका विज्ञहरू, विद्वान्हरू, गुरुवर्ग तथा शोधनिर्देशकको सल्लाह र मार्गदर्शनलाई अपनाइएको छ ।

## ३.४ सामग्री निर्माण

प्रस्तुत शोधकार्यमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूका लागि दृष्टांश र अदृष्टांश गरी दुई किसिमका प्रश्न छनोट गरिएको छ । दृष्टांशअन्तर्गत पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित 'नेपाली किताब' कक्षा सातमा समाविष्ट 'छठ' प्रबन्धलाई छनोट गरियो । प्रयुक्त शीर्षकलाई आधार बनाएर २५ पूर्णाङ्कको स्वतन्त्र लेखनको लागि प्रश्न निर्माण गरियो । अदृष्टांश शीर्षक छनोट गर्दा विद्यार्थीहरूको तह र स्तरलाई समेत ख्याल गरी नेपालीहरूको महान चाड 'दशैँ' लाई आधार बनाएर २५ पूर्णाङ्कको स्वतन्त्र लेखनको लागि प्रश्न छनोट गरिएको छ । यसरी दृष्टांश र अदृष्टांश दुबै प्रश्नका लागि जम्मा ५० पूर्णाङ्कको प्रश्न निर्माण गरिएको छ ।

## ३.५ परीक्षणको कार्यान्वयन

प्रश्नहरूको विश्लेषण पश्चात् कठिनाइस्तर, विभेददर्शी सूचक र मध्यमान भएका प्रश्नहरू सम्पादन गरियो । उक्त प्रश्नहरू खोटाङ जिल्लाका तीन ओटा सामुदायिक विद्यालय र तीनओटा संस्थागत विद्यालयबाट १६/१६) जना विद्यार्थीका दरले जम्मा ९६ अध्ययनरत विद्यार्थी छनोट गरी परीक्षा लिइयो । १६ जना विद्यार्थीहरूलाई 'दशैँ' र 'छठ' गरी दुईवटा शीर्षकमा घटनावर्णन गर्न लगाइयो र उत्तरपुस्तिका सङ्कलन गरी उत्तरपुस्तिकालाई परीक्षण गर्ने आधारहरू परिचयलाई तिन अङ्क विषयवस्तुको ज्ञानलाई छ अङ्क प्रस्तुतीकरणलाई छ अङ्क, भाषिक शुद्धतालाई छ अङ्क, निष्कर्षलाई तिन अङ्कलाई आधार मानी परीक्षण गरियो ।

## ३.६ पूर्वपरीक्षण

यस अध्ययन अनुसन्धानलाई सफल पार्नका लागि काठमाडौँ जिल्लाको कीर्ति सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययन गर्ने १० जना विद्यार्थीहरूलाई दशैँ र छठ र छठ गरी दुई ओटा शीर्षकमा घटनावर्णन लेख्न लगाइयो र उत्तर पुस्तिकालाई सङ्कलन गरी जाँचियो । पूर्व परीक्षणबाट प्राप्त नतिजाअनुसार दुईओटा शीर्षक उपयुक्त देखिएकाले विद्यार्थीहरूलाई घटना लेख्न लगाई शीर्षक निर्धारण गरियो ।

## ३.७ सामग्री सङ्कलन प्रक्रिया

तयार पारिएका परीक्षणीय प्रश्नहरूबाट परीक्षा सम्पन्न गरिसकेपछि विद्यार्थीहरूले दिएका प्रतिक्रियाको परीक्षणबाट प्राप्त अङ्क नै यस अध्ययनको तथ्याङ्क रहेको छ । दृष्टांश सामग्री कक्षा सातको 'नेपाली किताब' अन्तर्गत 'छठ' प्रबन्धबाट छनोट गरी लिइएको छ । अदृष्टांश सामाग्रीअन्तर्गत नेपालीहरूको महान चाड 'दशैँ' लाई लिइएको छ । उक्त शीर्षकमा २५ अङ्कको स्वतन्त्र लेखनमा शीर्षक परिचय वापत ३, विषयवस्तुको ज्ञान ६, प्रस्तुतीकरण क्रमबद्धता बापत ६, भाषिक शुद्धता वापत ६, निष्कर्ष वापत ३ अङ्कका दरले अङ्क प्रदान गरिएको छ । यसरी दृष्टांश २५ र अदृष्टांश २५ गरी ५० पूर्णाङ्कको उत्तरपुस्तिका परीक्षण गरिएको छ । विद्यार्थीहरूको प्राप्ताङ्कलाई लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा छुट्टाछुट्टै रूपमा प्रतिशतका आधारमा तालिकीकरणको माध्यमबाट वर्गीकरण गरिएको छ ।

## ३.८ तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा नमुना प्रतिनिधिका रूपमा छनोट गरिएको विद्यालयका विद्यार्थीहरूलाई निर्धारित समयमा निर्धारित प्रश्नहरूको उत्तर दिन प्रेरित गरिएको छ । निर्धारित समयावधिमा लेखिएका उत्तरहरू सङ्कलन गरी परीक्षण गरिएको छ । तथ्यको विश्लेषण गर्ने क्रममा नौ श्रेणीमा विभाजन गरी सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको र नमुना प्रतिनिधिमा समाविष्ट विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा माथि र तल कति-कति प्रतिशत छन् भनेर गणना गरिएको छ । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूलाई लिङ्गगत, भाषिक पृष्ठभूमिका आधार विभाजन गरी छुट्टाछुट्टै मध्यमान निकालिएको छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन गर्न सक्ने क्षमतालाई छुट्टाछुट्टै आधारमा मध्यमान निकालिएको छ । परीक्षणबाट प्राप्त नतिजालाई तालिकीकरण गरी प्रतिशताङ्क मध्यमानको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएका शैक्षिक सत्र २०७३ का खोटाङ जिल्लाका संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत क्रमशः मातृभाषी, विमातृभाषी, छात्रा, छात्र पर्ने गरी सोह्र/सोह्र जना विद्यार्थीहरूलाई छुट्टै कोठामा रारखी आवश्यक निर्देशन सहित ९० मिनेटको समय निर्धारण गरी पूर्व परीक्षणबाट उपयुक्त ठहरिएको दुई प्रश्नहरूमा विद्यार्थीहरूलाई घटनावर्णन गर्न लगाइएको छ। घटनावर्णन पश्चात् उत्तरपुस्तिका सङ्कलन गरी प्रक्रियागत ढङ्गले जाँच गरी प्राप्ताङ्कलाई उत्तरपुस्तिकाको माथिल्लो भागमा अङ्कित गरिएको छ । व्याख्या तथा विश्लेषण पश्चात तथ्याङ्कलाई स्तम्भचित्रमा प्रस्तुत गरी तथ्य विश्लेषणमा थप सरलता ल्याउने प्रयास गरिएको छ। प्रस्तुत अध्ययनमा प्रयोगमा ल्याइने साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

(क) मध्यमान गणना गर्न प्रयोग गरिने सूत्र :

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma X}{N}$

यहाँ,

( $\bar{X}$) = मध्यमान

$\Sigma X$ = प्राप्ताङ्कको कुल योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

(ख) प्रतिशताङ्क श्रेणी गणना गर्न उपयोग गरिने सूत्र :

प्रतिशत $P = \frac{R}{T} \times 100$

यहाँ

P = प्रतिशत

T = कुल विद्यार्थी सङ्ख्या

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

**सङ्कलित उत्तरपुस्तिकालाई परीक्षण गर्ने प्रक्रिया**

खोटाङ जिल्लाका निर्दिष्ट कक्षा सातका विद्यार्थीहरूले लेखेका उत्तरपुस्तिकालाई परीक्षण गर्दा परिचयलाई तिन अङ्क छुट्याइएको छ । जसमा शीर्षकसँग सम्बन्धित ज्ञानको प्रस्तुतिका आधारमा परीक्षण गरिएको छ भने विषयवस्तुको ज्ञानलाई छ अङ्क छुट्याइएको छ । जसमा शीर्षकसँग सम्बन्धित ज्ञानको प्रस्तुति स्तरीयता, मौलिकता, व्याकरणिक कोटिगत सङ्गति र शब्द भण्डारगत ज्ञानका आधारमा परीक्षण गरिएको छ । प्रस्तुतिकरण, संयोजन र क्रमबद्धतालाई पनि छ अङ्क छुट्याइएको छ । जसमा संवाद तथा उखानटुक्का, घटनावर्णनको क्रमवद्धता र मूलभावका आधारमा अङ्क विभाजन गरिएको छ । भाषिक शुद्धतालाई छ अङ्क छुट्याइएको छ । जसमा वाक्य गठन, हिज्जे, अनुच्छेद छोडाइ, भाषिक चिह्न प्रयोग, सफा अक्षर र मानक भाषाको प्रयोग गरेका आधारमा परीक्षण गरिएको छ । भने निष्कर्षलाई तिन अङ्क छुट्याइएको छ । यसमा शीर्षकसँग सम्बन्धित समग्र सन्दर्भको आधारमा परीक्षण गरिएको छ ।

## ३.९ अङ्कन प्रक्रिया

घटनावर्णन क्षमताका अङ्क निर्माण यस अध्ययनको तथ्याङ्क भएकाले विद्यार्थीहरूको उत्तरपुस्तिका सङ्कलन पश्चात् उत्तरकुञ्जिका तयार पारियो । जुन निम्नानुसार तल तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १**

**अङ्कन प्रक्रिया**

| दशैं | शीर्षक परिचय | विषयवस्तुको ज्ञान | प्रस्तुतीकरण र क्रमबद्धता | भाषिक शुद्धता | निष्कर्ष | जम्मा पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| अङ्कभार | ३ | ६ | ७ | ६ | ३ | २५ |
| छठ | शीर्षक परिचय | विषयवस्तुको ज्ञान | प्रस्तुतीकरण र क्रमबद्धता | भाषिक शुद्धता | निष्कर्ष | जम्मा पूर्णाङ्क |
| अङ्कभार | ३ | ६ | ७ | ६ | ३ | २५ |
| जम्मा | | | | | | ५० |

## अध्याय चार

# खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको विश्लेषण

प्रस्तुत अध्ययनको यस अध्यायमा खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विभिन्न ठाउँका तिन सामुदायिक तथा तिन संस्थागत विद्यलायहरूका जम्मा ९६ जना विद्यार्थीहरूबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । अघिल्लो अध्यायमा वर्णन गरिएको अध्ययन विधिका आधारमा सम्पूर्ण विद्यार्थीहरूको घटनावर्णन क्षमताको व्याख्या तथा विश्लेषणलाई बढी वस्तुनिष्ठ एवम् वैज्ञानिक रूप प्रदान गर्न उक्त तथ्याङ्कलाई प्रतिशत गणना, मध्यमान, विधिहरूको समेत प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्यमा तथ्याङ्क विश्लेषणका लागि उपयोगी विविध विधि तथा प्रविधिहरूको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ :

## ४.१ समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्थिति

प्रस्तुत अध्ययन खोटाङ जिल्लाको कक्षा सातका विद्यार्थीहरूको घटनावर्णन क्षमता पहिल्याउने उद्देश्यमा आधारित छ । खोटाङ जिल्लाको फरक फरक छओटा विद्यालयहरूको ९६ जना विद्यार्थीहरूमा गरिएको सङ्कलन हो । प्रतिशत गणना र मध्यमान प्रयोग यस तथ्याङ्कमा गरिएको छ । शोधकार्यमा खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्क तल प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २**

**समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमता**


| कुल विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत | २१-३० प्रतिशत | ३१-४० प्रतिशत | ४१-५० प्रतिशत | ५१-६० प्रतिशत | ६१-७० प्रतिशत | ७१-८० प्रतिशत | ८१-९० प्रतिशत | ९१-९६ प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ९६ | २ | ७ | १८ | १३ | १९ | ११ | १२ | १४ | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका २ लाई विश्लेषण गर्दा कुल ९६ जना विद्यार्थीहरूमध्ये क्रमश: ०-२० प्रतिशत २ जना, २१-३० प्रतिशत ७ जना, ३१-४० प्रतिशत १८ जना, ४१-५० प्रतिशत १३ जना, ५१-६० प्रतिशत १९ जना, ६१-७० प्रतिशत ११ जना, ७१-८० प्रतिशत १२ जना, ८१-९० प्रतिशत १४ जना, ९१-९६ प्रतिशत शून्य जना छ भने सबैभन्दा कम पनि ९१-९६ प्रतिशतमा कुनै पनि विद्यार्थीले मिलाउन सकेका छैनन । तालिकाअनुसार ५० प्रतिशतभन्दा कम घटनावर्णन क्षमता भएका विद्यार्थीहरू ३७ प्रतिशत देखिनु र ५० प्रतिशतभन्दा बढी घटनावर्णन क्षमता ५६ प्रतिशत भएकाले ५० प्रतिशतभन्दा बढी घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या नै बढी देखिएबाट समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमता सन्तोषजनक रहेको देखिन आउँछ यसलाई स्तम्भ रेखाचित्रबाट स्पष्ट पारिएको छ :

**स्तम्भ सङ्ख्या १**

**समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र १ मा विद्यार्थीहरूको घटनावर्णन क्षमताको सबैभन्दा बढी सङ्ख्या ५१ देखि ६० को वर्गान्तर बिचमा रहेको छ भने ८१ देखि ९० को वर्गान्तर १४ जना विद्यार्थीको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि अन्य विद्यार्थीहरूको भन्दा उच्च देखिन्छ ।

### ४.१.१ मध्यमानका आधारमा समग्र विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन

समग्र विद्यार्थीहरूको मध्यमानको स्थिति लेखाजोखा गर्दा विद्यार्थी सङ्ख्या, समग्र मध्यमानलाई तल तालिकामा निम्नानुसार देखाइएको छ :

**तालिका सङ्ख्या ३**

**समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | २ | १५ | ३० |
| २०–३० | ७ | २५ | १७५ |
| ३०–४० | १८ | ३५ | ६३० |
| ४०–५० | १३ | ४५ | ५८५ |
| ५०–६० | १९ | ५५ | १०४५ |
| ६०–७० | ११ | ६५ | ७१५ |
| ७०–८० | १२ | ७५ | ९०० |
| ८०–९० | १४ | ८५ | १,१९० |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= ९६ | | Σfm = ५२७० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$


= $\frac{५२७०}{९६}$

= ५४.८९ उत्तर

उक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताका लागि छनोटमा परेका विद्यार्थीहरूको सङ्ख्या ९६ जना रहेका छन् भने ९६ जनामध्ये ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरको सङ्ख्या २ जना रहेको देखिन्छ भने २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १८ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या १९ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या ११ जना, ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या १२ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या १४ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या शून्य जना रहेको देखिन्छ। तसर्थ ९६ जना विद्यार्थीको कुल प्राप्ताङ्क ५२७० र मध्यमान ५४.८९ पाइन्छ भने विद्यार्थीहरूको घटनावर्णन क्षमताको सबैभन्दा बढी सङ्ख्या ५० देखि ६० को वर्गान्तरमा १९ जना छन् भने ८० देखि ९० को वर्गान्तरमा १४ जना विद्यार्थीको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि अन्य विद्यार्थीहरूको भन्दा उच्च देखिन्छ जसलाई निम्नानुसार स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ :

**स्तम्भ चित्र २**

**समग्र मध्यमानका आधारमा घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३।

### ४.१.२ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश घटनावर्णन क्षमताको अध्ययन

प्रतिशतका आधारमा दृष्टांश घटनावर्णन क्षमताको तालिकाअनुसार नौ श्रेणीमा विभाजन गरी तल तालिकामा स्पष्ट पारिएको छ।

**तालिका सङ्ख्या ४**

**प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश घटनावर्णन क्षमताको अध्ययन**


| जम्मा सङ्ख्या | ०-२० प्र. | | २१-३० प्र. | | ३१-४० प्र. | | ४१-५० प्र. | | ५१-६० प्र. | | ६१-७० प्र. | | ७१-८० प्र. | | ८१-९० प्र. | | ९१-९६ प्र. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ९६ | २ | २ | ७ | ७ | १८ | १८ | १३ | १३ | १९ | १९ | ११ | ११ | १२ | १२ | १४ | १४ | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३।

माथिको तालिकाअनुसार दृष्टांश घटनावर्णन क्षमताको अध्ययनका लागि नमुना छनोटमा समेटिएका कुल विद्यार्थी ९६ जना मध्ये ० देखि २० प्रतिशत घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ जना प्रतिशत पनि २ नै देखिन्छ। २१ देखि ३० प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ जना र प्रतिशत ७ देखिन्छ। त्यस्तै ३१ देखि ४० प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १८ जना र प्रतिशत १८ नै देखिन्छ। ४१ देखि ५० प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३ जना र प्रतिशत १३ नै देखिन्छ। ५१-६० प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९ जना र प्रतिशत १९ नै देखिन्छ। ६१-७० प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ११ जना र प्रतिशत ११ नै देखिन्छ। ७१ देखि ८० प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ जना र प्रतिशत १२ नै देखिन्छ। ८१ देखि ९० प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १४ जना र प्रतिशत १४ प्रतिशत नै देखिन्छ। ९१ देखि ९६ प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना शून्य प्रतिशत रहेको देखिन्छ जसलाई अझ स्पष्ट पार्न निम्नानुसार स्तम्भरेखा चित्रमा देखाइएको छ :

**स्तम्भ सङ्ख्या ३**

**विद्यार्थीहरूको दृष्टांश घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ४.१.३ प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश घटनावर्णन क्षमताको अध्ययन

प्रतिशतका आधारमा अदृष्टांश घटनावर्णन क्षमताको स्थितिमा के कति विद्यार्थीहरूमा अध्ययन गरियो र के कस्तो पाइयो सोको तल तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ५**

**प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश घटनावर्णन क्षमता**

| जम्मा सङ्ख्या | ०-२० प्रतिशत | | २१-३० प्रतिशत | | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | | ८१-९० प्रतिशत | | ९१-९६ प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ९६ | ६ | ६ | ८ | ८ | १८ | १८ | ११ | ११ | २१ | २१ | ५ | ५ | १८ | १८ | ९ | ९ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।


माथिको तालिकाअनुसार अदृष्टांश घटनावर्णन क्षमताका लागि नमुनाका रूपमा छनोटमा परेका विद्यार्थीहरूको सङ्ख्या ९६ जनामध्ये ०-२० प्रतिशतभन्दा कम घटनावर्णन

क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ जना र प्रतिशत ६ रहेको छ । त्यसैगरी २१ देखि ३० प्रतिशतको बिचमा ८ जना ८ प्रतिशत नै रहेको पाइन्छ । ३१ देखि ४० प्रतिशतको बिचमा घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १८ जना र १८ प्रतिशत रहेको देखिन्छ । ४१ देखि ५० प्रतिशत घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ११ जना र प्रतिशत पनि ११ नै रहेको देखिन्छ । त्यसैगरी ५१ देखि ६० प्रतिशतको बिचमा २१ जना प्रतिशत २१ नै रहेको पाइन्छ भने ६१ देखि ७० प्रतिशतको बिचमा घटनावर्णन भएको विद्यार्थीको सङ्ख्या ५ जना र ५ प्रतिशत रेहको छ । ७१ देखि ८० प्रतिशत घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १८ जना र प्रतिशत १८ नै रहेको छ । ८१ देखि ९० प्रतिशत घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९ जना प्रतिशत पनि ९ रहेको पाइन्छ भने ९१ देखि ९६ प्रतिशत घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य भएको देखिन्छ ।

न्यूनतम श्रेणीको रूपमा मापन गरिएको २० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ जना र ६ प्रतिशत तथा उच्चतम श्रेणीको रूपमा मापन गरिएका ७० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ९ जना र ९ प्रतिशत नै रहेकाले समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमता मध्यम रहेको मान्न सकिन्छ । यसलाई स्पष्ट पार्न तल स्तम्भ रेखाचित्रबाट हेर्न सकिन्छ :

**स्तम्भ सङ्ख्या ४**

**प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश घटनावर्णन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ४.१.४ मध्यमानको आधारमा विद्यार्थीहरूको दृष्टांश घटनावर्णन क्षमताको अध्ययन

दृष्टांश घटनावर्णन क्षमताको मध्यमान स्थितिमा ९६ जना विद्यार्थीहरूको दृष्टांश घटनावर्णन क्षमताको बारेमा तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ६**

**मध्यमानको आधारमा विद्यार्थीहरूको दृष्टांश घटनावर्णन क्षमताको अध्ययन**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०-२० | २ | १५ | ३० |
| २०-३० | ३ | २५ | ७५ |
| ३०-४० | १४ | ३५ | ४९० |
| ४०-५० | १५ | ४५ | ६७५ |
| ५०-६० | २६ | ५५ | १४३० |
| ६०-७० | ३ | ६५ | १९५ |
| ७०-८० | १७ | ७५ | ११०५ |
| ८०-९० | १६ | ८५ | १३६० |
| ९०-९६ | ० | ९५ | ० |
| जम्मा | N= ९६ | | Σfm = ५३६० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान $(\bar{X}) = \frac{\Sigma fm}{N}$


$= \frac{५३६०}{९६}$

= ५५.८३ उत्तर

तसर्थ ९६ जना विद्यार्थीहरूको मध्यमान ५५.८३ रहेको पाइन्छ । ५५.९ औसत मध्यमान ५० देखि ६० को वर्गान्तर बिचमा रहेको छ । उक्त तालिकाअनुसार ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या २ जना, २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १४ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २६ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना, ७० देखि ८० सम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १७ जना, ८० देखि ९० सम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६ जना र ९० देखि ९६ सम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना रहेको देखिन्छ । तसर्थ ९६ जना विद्यार्थीहरूको कुल प्राप्ताङ्क ५३६० र मध्यमान ५५.८३ पाइन्छ भने विद्यार्थीहरूको घटनावर्णन क्षमताको सबैभन्दा बढी सङ्ख्या ८० देखि ९० को वर्गान्तरमा १६ जना रहेका पाइन्छ यसलाई स्पष्ट पार्न तल स्तम्भ रेखाचित्रबाट हेर्न सकिन्छ :

**स्तम्भ सङ्ख्या ५**

**विद्यार्थीको दृष्टांश घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ४.१.५ मध्यमानका आधारमा विद्यार्थीहरूको अदृष्टांश घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत अदृष्टांश घटनावर्णन क्षमताको मध्यमानको स्थितिको बारेमा गरिएका साथै प्राप्त प्रतिशतलाई यसरी तल तालिकामा प्रस्तुत गरिएको :

**तालिका सङ्ख्या ७**

**मध्यमानका आधारमा विद्यार्थीहरूको अदृष्टांश घटनावर्णन क्षमता**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०-२० | ६ | १५ | ९० |
| २०-३० | ८ | २५ | २०० |
| ३०-४० | १८ | ३५ | ६३० |
| ४०-५० | ११ | ४५ | ४९५ |
| ५०-६० | २१ | ५५ | ११५५ |
| ६०-७० | ५ | ६५ | ३२५ |
| ७०-८० | १८ | ७५ | १३५० |
| ८०-९० | ९ | ८५ | ७६५ |
| ९०-९६ | ० | ९५ | ० |
| जम्मा | N= ९६ | | Σfm = ४६८५ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$


= $\frac{४६८५}{९६}$

= ४८.८० उत्तर

उक्त तालिकाअनुसार मध्यमानका आधारमा विद्यार्थीहरूको अदृष्टांश घटनावर्णन क्षमताका लागि छनोट परेका विद्यार्थीहरूको सङ्ख्या ९६ जना रहेका छन् । ९६ जनामध्ये ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ जना, २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या १८ जना ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या ११ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या २१ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या ५ जना, ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या १८ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावार्ण्न क्षमता भएका विद्यार्थीको सङ्ख्या ९ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको ९ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या शून्य जना तथ्याङ्कले देखाउँछ साथै ९६ जना विद्यार्थीको कुल प्राप्ताङ्क ४६८५ छ भने मध्यमान ४८.८० देखाउँछ । विद्यार्थीहरूको घटनावर्णन क्षमता मध्यमानभन्दा माथि ५३ जना अर्थात् ५५.२० प्रतिशत र मध्यमानभन्दा तल ४३ जना अर्थात् ४४.७९ प्रतिशत विद्यार्थीहरू रहेको देखिएको छ । यसलाई स्पष्ट पार्न तल स्तम्भ रेखाचित्रबाट हेर्न सकिन्छ :

**स्तम्भ सङ्ख्या ६**

**विद्यार्थीहरूको अदृष्टांश घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ४.१.६ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश घटनावर्णन क्षमताको तुलना

समग्र मध्यमानका आधारमा विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश घटनावर्णन क्षमताको स्थिति के कस्तो रह्यो । त्यसलाई अझ प्रस्टाउन तल तालिकामा निम्नानुसार देखाइएको छ :

**तालिका सङ्ख्या ८**

**समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश घटनावर्णन क्षमता**

| विद्यार्थी सङ्ख्या ९६ | दृष्टांश | अदृष्टांश |
|---|---|---|
| मध्यमान | ५५.८३ | ४८.८० |
| समग्र मध्यमान | ५४.२ | |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकाअनुसार समग्रमा ९६ जना विद्यार्थी सङ्ख्याको दृष्टांश र अदृष्टांश घटनावर्णन क्षमताको तुलना गर्दा दृष्टांश मध्यमान ५५.८३ रहेको देखिन्छ । यसैगरी अदृष्टांश तर्फ मध्यमान ४८.८० रहेको देखिन्छ । यसरी दुवै मध्यमानलाई हेर्दा अदृष्टांश घटनावर्णन क्षमताको मध्यमानभन्दा दृष्टांश घटनावर्णन क्षमताको मध्यमान ७.०३ प्रतिशतले बढी रहेको पाइन्छ । त्यसैले विद्यार्थीहरूमा अदृष्टांश घटनावर्णन क्षमताभन्दा दृष्टांश घटनावर्णन क्षमता ७.०३ उच्च रहेको पाइन्छ ।

## ४.२ निष्कर्ष

प्रस्तुत अध्याय चारमा समग्र घटनावर्णन क्षमतालाई विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कअनुसार विद्यार्थीहरूको प्रतिशत निकालिएको छ जसमा सबैभन्दा बढी मिलाउनेको सङ्ख्या १४ जना ८० देखि ९० को वर्गान्तमा रहेको छ । समग्रमा हेर्दा कक्षा सातका विद्यार्थीहरूको घटनावर्णन क्षमता मध्यमानका आधारमा हेर्दा समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमता ५४.८९ प्रतिशत रहेको पाइन्छ । यसरी यस अध्ययनबाट खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता ५० देखि ६० को वर्गान्तरमा पर्ने भएकाले घटनावर्णन क्षमता पाँचौं श्रेणीमा रहेको निष्कर्ष निकालिएको छ ।

## अध्याय पाँच

# खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा घटनावर्णन क्षमताको विश्लेषण

प्रस्तुत अध्यायमा शोधप्रस्तावमा उल्लेख गरिएअनुसार कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन शीर्षकअन्तर्गत रहेर विभिन्न विद्यालयहरूमा गई घटनावर्णन क्षमताको परीक्षणका लागि सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषण गरिएको छ । ती आधारहरूमा घटनावर्णनका शीर्षकका आधारमा 'दशैँ' र 'छठ' भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी र विमातृभाषी छात्र, छात्रा रहेका छन् । यस अध्ययनमा एकातिर कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्थिति पत्ता लगाइएको छ भने अर्कोतिर विभिन्न आधारमा ती विद्यार्थीहरूको घटनावर्णन क्षमतामा के कस्तो अन्तर रहेको छ भन्ने पत्ता लगाउन तुलना गरिएको छ । व्याख्या तथा विश्लेषणलाई बढी वस्तुगत र वैज्ञानिक बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी प्रतिशत गणना, मध्यमान जस्ता तथ्याङ्क शास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ ।

## ५.१ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन प्रतिशत मध्यमानका आधारमा मातृभाषी र विमातृभाषी विद्यार्थीहरूबिच गरिएको अध्ययनलाई तल तालिकामा निम्नानुसार देखाइएको छ :

**तालिका सङ्ख्या ९**

**मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको घटनवर्णन क्षमता**


| भाषिक पृष्ठभूमि | | ०-२०% | २१-३० % | ३१-४० % | ४१-५० % | ५१-६० % | ६१-७० % | ७१-८० % | ८१-९० % | ९१-९६% |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मातृभाषी | सङ्ख्या | ० | ६ | १० | ६ | १० | ७ | ६ | ६ | ० |
| विमातृभाषी | | २ | ५ | ९ | ७ | ६ | ५ | ६ | ८ | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उक्त तालिकालाई विश्लेषण गर्दा भाषिक पृष्ठभूमिका आधारमा कुल ९६ जना विद्यार्थीहरूमध्ये ४८ जना मातृभाषी र ४८ जना विमातृभाषी रहेका छन् । क्रमशः मातृभाषी १० देखि २० प्रतिशत शून्य जना २१ देखि ३० प्रतिशत ६ जना ३१ देखि ४० प्रतिशत १० जना, ४१ देखि ५० प्रतिशत ६ जना, ५१ देखि ६० प्रतिशत १० जना, ६१ देखि ७० प्रतिशत ७ जना, ७१ देखि ८० प्रतिशत ६ जना, ८१ देखि ९० प्रतिशत पनि ८ जना साथै ९१ देखि ९६ प्रतिशत शून्य जना र विमातृभाषीमा पनि ० देखि २० प्रतिशत २ जना, २१ देखि ३० प्रतिशत ५ जना, ३१ देखि ४० प्रतिशत ९ जना, ४१ देखि ५० प्रतिशत ७ जना, ५१ देखि ६० प्रतिशत ६ जना, ६१ देखि ७० प्रतिशत ५ जना, ७१ देखि ८० प्रतिशत ६ जना, ८१ देखि ९० प्रतिशत ८ जना ९१ देखि ९६ प्रतिशत भने शून्य रहेको पाइन्छ । जसलाई अझ स्पष्ट पार्न निम्नानुसार स्तम्भरेखा चित्रमा देखाइएको छ :

**स्तम्भ सङ्ख्या ७**

**मातृभाषी र विमातृभाषी विद्यार्थीको, घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ५.१.१ मध्यमानका आधारमा मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी विद्यार्थीहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमतालाई तल तालिकामा स्पष्ट पारिएको छ, जुन निम्नानुसार छन् :

## तालिका सङ्ख्या १०

## मातृभाषी विद्यार्थीको मध्यमान

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०-२० | ० | १५ | ० |
| २०-३० | ३ | २५ | ७५ |
| ३०-४० | १० | ३५ | ३५० |
| ४०-५० | ६ | ४५ | २७० |
| ५०-६० | १० | ५५ | ५५० |
| ६०-७० | ७ | ६५ | ४५५ |
| ७०-८० | ६ | ७५ | ४५० |
| ८०-९० | ६ | ८५ | ५१० |
| ९०-९६ | ० | ९५ | ० |
| जम्मा | N= ४८ | | Σfm = २६६० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान $(\bar{X}) = \frac{\Sigma fm}{N}$


$= \frac{२६६०}{४८}$

= ५५.४१ उत्तर

उक्त तालिकालाई विश्लेषण गर्दा कुल ६४ जना पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५५.४१ देखिन्छ । ५५.४१ औसत मध्यमान ५० देखि ६० को वर्गान्तर बिचमा रहेको छ । मातृभाषी विद्यार्थीको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि ५५.४१ प्रतिशत भएको तथ्य तालिकाले देखाउँछ । यसलाई निम्नानुसार स्तम्भ रेखाचित्रबाट स्पष्ट पार्न सकिन्छ :

स्तम्भ सङ्ख्या १०

मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्थिति




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ५.१.१.१ मध्यमानका आधारमा मातृभाषी छात्रहरूको घटनावर्णन क्षमताको अध्ययन

मातृभाषी छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको विश्लेषण गर्दा प्रतिशत मध्यमानका आधारमा तालिकाअनुसार नौ श्रेणीमा विभाजन गरी तल तालिकामा स्पष्ट पारिएको छ ।

तालिका सङ्ख्या ११

मातृभाषी छात्रहरूको घटनावर्णन क्षमताको स्थिति

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | १० | ३५ | ३५० |
| ४०-५० | ३ | ४५ | १३५ |
| ५०-६० | ६ | ५५ | ३३० |
| ६०-७० | ३ | ६५ | १९५ |
| ७०-८० | १ | ७५ | ७५ |
| ८०-९० | १ | ८५ | ८५ |
| ९०-९६ | ० | ९५ | ० |
| जम्मा | N= २४ | | Σfm = ११७० |


स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$ = $\frac{११७०}{२४}$ = ४८.७५ उत्तर

उक्त तालिकाअनुसार मातृभाषी छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमताका लागि छनोट परेका विद्यार्थीहरूको सङ्ख्या २४ जनामध्ये ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना रहेको देखिन्छ भने २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या पनि शून्य रहेको छ । ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना, ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन सङ्ख्या १ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना रहेको देखिन्छ । अझ स्पष्ट पार्न निम्नानुसार स्तम्भ रेखाचित्रमा देखाइएको छ :

**स्तम्भ सङ्ख्या ८**

**मातृभाषी छात्रहरूको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ५.१.१.२ मध्यमानका आधारमा मातृभाषी छात्राहरूको घटनावर्णन क्षमताको अध्ययन

मातृभाषी छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताको विश्लेषण गर्दा प्रतिशत मध्यमानका आधारमा तालिकाअनुसार नौ श्रेणीमा विभाजन गरी तल तालिकामा स्पष्ट पारिएको छ :

**तालिका सङ्ख्या १२**

**मातृभाषी छात्राहरूको घटनावर्णन क्षमताको अध्ययन**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | २ | ३५ | ७० |
| ४०–५० | ४ | ४५ | १८० |
| ५०–६० | ६ | ५५ | ३३० |
| ६०–७० | ३ | ६५ | १९५ |
| ७०–८० | ५ | ७५ | ३७५ |
| ८०–९० | ४ | ८५ | ३४० |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= २४ | | Σfm = १४९० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$


$= \frac{१४९०}{२४}$

= ६२.०८ उत्तर

उक्त तालिककाअनुसार मातृभाषी छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताका लागि छनोट परेका विद्यार्थीहरूको सङ्ख्या २४ जना जसका मध्यमान ६२.०८ रहेको छ । ६६.२ मातृभाषी छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता औसत मध्यमान ६९ देखि ७० को वर्गान्तर बिचमा रहेको छ । उक्त तालिका तथ्याङ्क अनुसार ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना, २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना रहेको छ भने ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना, ८० देखि ९० सम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना रहेको देखिन्छ । यसलाई स्पष्ट पार्न तल स्तम्भ रेखाचित्रबाट हेर्न सकिन्छ :

**स्तम्भ सङ्ख्या ९**

**मातृभाषी छात्राहरूको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ५.१.२ मध्यमानका आधारमा विमातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा विमातृभाषी विद्यार्थीहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमता तल तालिकामा स्पष्ट पारिएको छ, जुन निम्नानुसार छन् :

**तालिका सङ्ख्या १३**

**विमातृभाषी विद्यार्थीको मध्यमान स्थिति**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | २ | १५ | ३० |
| २०–३० | ५ | २५ | १२५ |
| ३०–४० | ९ | ३५ | ३१५ |
| ४०–५० | ७ | ४५ | ३१५ |
| ५०–६० | ६ | ५५ | ३३० |
| ६०–७० | ५ | ६५ | ३२५ |
| ७०–८० | ६ | ७५ | ४५० |
| ८०–९० | ८ | ८५ | ६८० |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= ४८ | | Σfm = २५७० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{२५७०}{४८}$

= ५३.५४ उत्तर

उक्त तालिकालाई विश्लेषण गर्दा कुल ४८ जना विमातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५३.८३ देखिन्छ । ५३.८३ औसत मध्यमान

५०-६० को वर्गान्तर बिचमा रहेको छ । विमातृभाषी विद्यार्थीको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि ५३.५४ प्रतिशत भएको तथ्य तालिकाले देखाउँछ ।

### ५.१.२.१ मध्यमानका आधारमा विमातृभाषी छात्रहरूको घटनावर्णन क्षमताको अध्ययन

उपयुक्त तलको तालिकामा विमातृभाषी छात्र विद्यार्थीहरूले घटनावर्णनबाट प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा विश्लेषण गरिएको छ ।

**तालिका सङ्ख्या १४**

**विमातृभाषी छात्रहरूको घटनावर्णन क्षमताको अध्ययन**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०-२० | १ | १५ | १५ |
| २०-३० | ५ | २५ | १२५ |
| ३०-४० | ४ | ३५ | १४० |
| ४०-५० | २ | ४५ | ९० |
| ५०-६० | ४ | ५५ | २२० |
| ६०-७० | १ | ६५ | ६५ |
| ७०-८० | ३ | ७५ | २२५ |
| ८०-९० | ४ | ८५ | ३४० |
| ९०-९६ | ० | ९५ | ० |
| जम्मा | N= २४ | | Σfm = १२२० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

$$\text{मध्यमान } (\bar{X}) = \frac{\Sigma fm}{N}$$


$$= \frac{१२२०}{२४}$$

$$= ५०.८३ \text{ उत्तर}$$

उक्त तालिकाअनुसार विमातृभाषी छात्रहरूको घटनावर्णन क्षमताका लागि छनोट परेका विद्यार्थीहरूको सङ्ख्या २४ जना मध्ये ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ जना रहेको देखिन्छ भने २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ जना रहेको पाइन्छ भने ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरको सङ्ख्या १ जना, ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना रहेको देखिन्छ । उक्त तथ्याङ्कको आधारमा विमातृभाषी छात्र विद्यार्थीको घटनावर्णन क्षमता मध्यमान ५०.८३ पाइएको छ । अझ यसलाई स्पष्ट पार्न स्तम्भ रेखाचित्रमा देखाइएको छ :

**स्तम्भ सङ्ख्या ११**

**विमातृभाषी छात्रहरूको घटनावर्णन क्षमता स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ५.१.२.२ मध्यमानका आधारमा विमातृभाषी छात्राहरूको घटनावर्णन क्षमताको अध्ययन

उपयुक्त तलको तालिकामा विमातृभाषी छात्रा विद्यार्थीहरूले घटनावर्णनबाट प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा विश्लेषण गरिएको छ ।

**तालिका सङ्ख्या १५**

**विमातृभाषी छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | १ | १५ | १५ |
| २०–३० | १ | २५ | २५ |
| ३०–४० | ४ | ३५ | १४० |
| ४०–५० | २ | ४५ | ९० |
| ५०–६० | ३ | ५५ | १६५ |
| ६०–७० | ५ | ६५ | ३२५ |
| ७०–८० | ३ | ७५ | २२५ |
| ८०–९० | ५ | ८५ | ४२५ |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= २४ | | Σfm = १४१० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{१४१०}{२४}$


= ५८.७५ उत्तर

उक्त तालिकाअनुसार विमातृभाषी छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताका लागि छनोट परेका विद्यार्थीहरूको सङ्ख्या २४ जनामध्ये ० देखि २० प्रतिशतसम्म घटनावर्णन

क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ जना, २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ जना नै रहेको पाइन्छ भने ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना रहेको पाइन्छ । ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना, ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना रहेको देखिन्छ । यसलाई स्पष्ट पार्न तल स्तम्भ रेखाचित्रबाट हेर्न सकिन्छ :

**स्तम्भ सङ्ख्या १२**

**विमातृभाषी छात्राहरूको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ५.१.३ समग्र मध्यमानका आधारमा भाषिक पृष्ठभूमिका दृष्टिले घटनावर्णन क्षमताको तुलना

विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा घटनावर्णन क्षमताको तुलना तल तालिकामा स्पष्ट पारिएको छ, जुन निम्नानुसार छन् :

**तालिका सङ्ख्या १६**

**भाषिक पृष्ठभूमिका दृष्टिले घटनावर्णन क्षमताको मध्यमान अवस्था**

| कूल विद्यार्थी संङ्ख्या | समग्र मध्यमान | समूह | | समूहगत संङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| जना | ५४.८९ | भाषिक पृष्ठभूमिको आधार | मातृभाषी | ४८ | २९ | ६०.४१ | १९ | ३९.५८ |
| ९६ | | | विमातृभाषी | ४८ | २५ | ५२.०८ | २३ | ६६.६६ |

माथि देखाइएको तालिकाअनुसार भाषिक पृष्ठभूमिको आधारमा घटनावर्णन क्षमता परीक्षण गर्नका लागि मातृभाषी र विमातृभाषी गरी कुल विद्यार्थी सङ्ख्यालाई छुट्याइएको छ । मातृभाषी सङ्ख्या ४८ जना र विमातृभाषी विद्यार्थी सङ्ख्या ४८ जना प्रस्तुत अध्ययनमा संलग्न गराइएको छ ।

समग्र मध्यमान ५४.८९ लाई आधारविन्दु मानेर हेर्दा मातृभाषी विद्यार्थीतर्फ २९ जना अर्थात् ६०.४१ प्रतिशत विद्यार्थीहरू मध्यमान विन्दुभन्दा माथि र १९ अर्थात् ३९.५८ प्रतिशत विद्यार्थीहरू मध्यमान विन्दुमा भन्दा तल रहेको देखिन्छ । अर्कोतर्फ विमातृभाषी विद्यार्थी समूहतर्फ समग्र मध्यमानलाई आधार बनाएर तयार पारिएको तालिकाअनुसार ४८ जना विद्यार्थीमध्ये मध्यविन्दु माथि २५ जना अर्थात् ५२.०८ प्रतिशत र मध्यविन्दुभन्दा तल २३ जना अर्थात् ६६.६६ प्रतिशत विद्यार्थी रहेको देखाइएको छ ।

समग्र मध्यमानलाई आधार मानेर तयार पारिएको तथ्याङ्कलाई हेर्दा र विश्लेषण गर्दा मातृभाषी विद्यार्थीको समूह मध्यमान विन्दुभन्दा माथिको सङ्ख्या मध्यमान विन्दुभन्दा तलको सङ्ख्याभन्दा केही मात्रामा अधिक रहेकाले घटनावर्णन क्षमताको यस नतिजालाई सामान्य मान्न सकिन्छ । साथै विमातृभाषी विद्यार्थीको समूह मध्यमान विन्दुसँग उस्ताउस्तै रहेकाले विमातृभाषी विद्यार्थीको समूह घटनावर्णन क्षमतामा सामान्य रहेको मान्न सकिन्छ ।

समग्रमा भन्दा भाषिक पृष्ठभूमिका आधारले खोटाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थी घटनावर्णन क्षमतामा विमातृभाषी विद्यार्थीभन्दा १.८७ ले मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्याय पाँचमा भाषिक पृष्ठभूमिका आधारमा घटनावर्णन क्षमतालाई विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क अनुसार विद्यार्थीहरूको प्रतिशत निकालिएको छ । जसमा मातृभाषी विद्यार्थीहरूको ३१ देखि ४० वर्गान्तरमा १० जना र ५१ देखि ६० वर्गान्तरमा १० जना रहेका छन् साथै विमातृभाषी विद्यार्थीहरूको ८१ देखि ९० को वर्गान्तरमा ८ जना मात्र रहेका छन् । मध्यमानका आधारमा मातृभाषी विद्यार्थीको मध्यमान ५५.४१ रहेको छ । ५५.४१ औसत मध्यमान ५० देखि ६० को वर्गान्तरमा छ । विमातृभाषी विद्यार्थीको मध्यमान ४८.७५ रहेको छ । ४८.७५ औसत मध्यमान ४० देखि ५० को वर्गान्तरमा छ । यसरी मातृभाषी विद्यार्थीभन्दा विमातृभाषी विद्यार्थीको घटनावर्णन क्षमता ६.६६ प्रतिशतले तल रहेको छ ।

## अध्याय छ

# खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत लैङ्गिकताका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको विश्लेषण

प्रस्तुत अध्ययनमा शोधप्रस्तावमा उल्लेख गरिएअनुसार कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको परीक्षणका लागि सङ्कलन गरिएका तथ्याङ्कको विश्लेषण गरिएको छ । घटनावर्णन क्षमताको विश्लेषण गर्न विभिन्न आधारहरू लिइएको छ । लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थी रहेका छन् । यस अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्थिति पत्ता लगाइएको छ भने अर्कोतिर प्रतिशत गणना मध्यमानका आधारमा ती विद्यार्थीको घटनावर्णन क्षमतामा के कस्तो अन्तर रहेको छ भन्ने पत्ता लगाउन तुलना गरिएको छ । यस अध्यायमा व्याख्या तथा विश्लेषणलाई बढी वस्तुगत र वैज्ञानिक बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत गणना, मध्यमान जस्ता तथ्याङ्कन शास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ ।

## ६.१ लैङ्गिकताको आधारमा समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

लैङ्गिकताका आधारमा प्राप्ताङ्क प्रतिशतका आधारमा घटनावर्णन क्षमताको तुलना गरिएको छ, जुन निम्नानुसार तल तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १७**

**लैङ्गिकताका आधारमा घटनावर्णन क्षमता**


| लिङ्ग | ०–२० प्रतिशत | २१–३० प्रतिशत | ३१–४० प्रतिशत | ४१–५० प्रतिशत | ५१–६० प्रतिशत | ६०–७० प्रतिशत | ७१–८० प्रतिशत | ८१–९० प्रतिशत | ९१–९६ प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | २ | ४ | ११ | ५ | १२ | ४ | ३ | ७ | ० |
| छात्रा | १ | २ | ७ | ६ | ७ | ७ | १० | ८ | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उक्त तालिकालाई विश्लेषण गर्दा कुल ९६ जना विद्यार्थीहरूमध्ये ४८ जना छात्रा र ४८ जना छात्र छन् । क्रमशः छात्र ०-२० प्रतिशत २ जना, २१ देखि ३० प्रतिशत ४ जना, ३१ देखि ४० प्रतिशत ११ जना, ४१ देखि ५० प्रतिशत ५ जना, ५१ देखि ६० प्रतिशत १२ जना, ६१ देखि ७० प्रतिशत ४ जना, ७१ देखि ८० प्रतिशत ३ जना, ८१ देखि ९० प्रतिशत ७ जना र ९१ देखि ९६ प्रतिशत शून्य जना साथै छात्रातर्फ ० देखि २० प्रतिशत १ जना, २१ देखि ३० प्रतिशत २ जना ३१ देखि ४० प्रतिशत ७ जना, ४१ देखि ५० प्रतिशत ६ जना, ५१ देखि ६० प्रतिशत ७ जना, ६१ देखि ७० प्रतिशत ७ जना, ७१ देखि ८० प्रतिशत १० जना, ८१ देखि ९० प्रतिशत ८ जना र ९१ देखि ९६ प्रतिशत शून्य जना रहेका छन् । लैङ्गिकताका आधारमा घटनावर्णन क्षमता छात्रतर्फ ८१ देखि ९० प्रतिशत ७ जना र छात्रातर्फ ८ जना पाइएको छ । यसरी हेर्दा ८१ देखि ९० प्रतिशतको आधारमा छात्र विद्यार्थीभन्दा छात्रा विद्यार्थीको घटनावर्णन गर्ने क्षमता उच्च रहेको विश्लेषण गर्न सकिन्छ । साथै यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भ सङ्ख्या १३**

**लैङ्गिकताको आधारमा विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ६.१.१ मध्यमानका आधारमा छात्रहरूको घटनावर्णन क्षमताको अध्ययन

मध्यमानका आधारमा छात्रहरूको घटनावर्णन क्षमताको अध्ययन गर्दा के कस्तो प्राप्ताङ्क आयो तिनलाई तल तालिकामा निम्नानुसार देखाइएको छ :

**तालिका सङ्ख्या १८**

**मध्यमानका आधारमा छात्रहरूको घटनावर्णन क्षमता**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| १०-२० | २ | १५ | ३० |
| २०-३० | ४ | २५ | १०० |
| ३०-४० | ११ | ३५ | ३८५ |
| ४०-५० | ५ | ४५ | २२५ |
| ५०-६० | १२ | ५५ | ६६० |
| ६०-७० | ४ | ६५ | २६० |
| ७०-८० | ३ | ७५ | २२५ |
| ८०-९० | ७ | ८५ | ५९५ |
| ९०-९६ | ० | ९५ | ० |
| जम्मा | N= ४८ | | Σfm = २४८० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{२४८०}{४८}$


= ५१.६६ उत्तर

उक्त तालिकालाई विश्लेषण गर्दा कुल ४८ जना छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५१.६६ देखिन्छ । ५१.६६ औसत मध्यमान ५० देखि ६० को वर्गान्तर बिचमा रहेको छ । छात्र विद्यार्थीको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि ५०.२ प्रतिशत भएको तथ्य तालिकाले देखाउँछ ।

उक्त तालिकाअनुसार नौ श्रेणीमा विभाजन गरी छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमता पहिल्याउने क्रममा कुल ९६ जना विद्यार्थीहरूमध्ये ४८ जना छात्र विद्यार्थीहरूको मध्यमान औसत अवस्था ५१.६६ देखिन्छ भने तथ्याङ्कअनुसार ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ जना रहेको छ भने २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ११ जना, ४० देखि ५० प्रतिशत ५ जना, ५० देखि ६० प्रतिशत १२ जना रहेको पाइन्छ भने ६० देखि ७० प्रतिशत ४ जना, ७० देखि ८० प्रतिशत ३ जना, ८० देखि ९० प्रतिशत ७ जना र ९० देखि ९६ प्रतिशत शून्य जना रहेको देखिन्छ । अझ स्पष्ट पार्न स्तम्भ रेखाचित्रमा देखाएको छ :

**स्तम्भ चित्र नं. १४**

**मध्यमानका आधारमा छात्रहरूको घटनावर्णन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ६.१.२ मध्यमानका आधारमा छात्राहरूको घटनावर्णन क्षमताको अध्ययन

मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्दा के कस्तो प्राप्ताङ्क आयो तिनलाई तल तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १९**

**छात्राहरूको घटनावर्णन क्षमताको मध्यमान अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | १ | १५ | १५ |
| २०–३० | २ | २५ | ५० |
| ३०–४० | ७ | ३५ | २४५ |
| ४०–५० | ६ | ४५ | २७० |
| ५०–६० | ७ | ५५ | ३८५ |
| ६०–७० | ७ | ६५ | ४५५ |
| ७०–८० | १० | ७५ | ७५० |
| ८०–९० | ८ | ८५ | ६८० |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= ४८ | | Σfm = २८५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

$$\text{मध्यमान } (\bar{X}) = \frac{\Sigma fm}{N}$$

$$= \frac{२८५०}{४८}$$


$$= ५९.३७ \text{ उत्तर}$$

उक्त तालिकालाई विश्लेषण गर्दा कुल ४८ जना छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५९.३७ देखिन्छ । ५९.३७ औसत मध्यमान ५० देखि ६०

को वर्गान्तर बिचमा रहेको छ । छात्रा विद्यार्थीको घटनावर्णन क्षमताको सिकाइ उपलब्धि ५९.३७ प्रतिशत भएको तथ्य तालिकाले देखाउँछ । अझ स्पष्ट पार्न तल स्तम्भ रेखाचित्रबाट हेर्न सकिन्छ :

**स्तम्भ सङ्ख्या १५**

**छात्राहरूको घटनावर्णन क्षमताको मध्यमान स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ६.१.३ समग्र मध्यमानका आधारमा लैङ्गिक घटनावर्णन क्षमताको स्थिति

समग्र लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको स्थिति अध्ययन गर्दा के कस्तो प्राप्ताङ्क आयो तिनलाई तल तालिकामा निम्नानुसार देखाइएको छ :

**तालिका सङ्ख्या २०**

**समग्र मध्यमानका आधारमा लैङ्गिक घटनावर्णन क्षमता**

| कूल सङ्ख्या | लिङ्गको आधार | सङ्ख्या | मध्यमान | समग्र मध्यमान |
|---|---|---|---|---|
| ९६ | छात्र | ४८ | ५१.६६ | ५४.८९ |
| | छात्रा | ४८ | ५९.३७ | |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।


प्रस्तुत तालिकामा समग्र विद्यार्थीहरूलाई लैङ्गिक आधारमा विभाजन गरी ४८ छात्र र ४८ छात्रा गरी ९६ जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । उक्त तालिकामा समग्र मध्यमान ५४.८९ रहेको छ भने समूहगत रूपमा छात्रको मध्यमान ५१.६६ र छात्राको मध्यमान ५९.३७ रहेको देखिन्छ । लैङ्गिकताको आधारमा समग्र मध्यमान ५४.८९ लाई आधार मानी छात्र र छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक विश्लेषण गर्दा छात्र विद्यार्थीतर्फ २६ जना अर्थात् ५४.१६ प्रतिशत विद्यार्थीहरू मध्यमान विन्दुभन्दा माथि र २२ अर्थात् ४५.८३ प्रतिशत विद्यार्थीहरू मध्यमान विन्दुभन्दा तल रहेको देखिएको छ । अर्कोतर्फ छात्रा विद्यार्थी समूहतर्फ समग्र मध्यमानलाई आधार मानी ४८ जना विद्यार्थी मध्ये मध्यविन्दु माथि २६ जना अर्थात् ५४.१६ प्रतिशत र मध्यविन्दु भन्दा तल २२ जना अर्थात् ४८.८३ प्रतिशत विद्यार्थी रहेको छ । तसर्थ छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीको ३.२३ प्रतिशतले उच्च रहेको विश्लेषण गर्न सकिन्छ ।

### ६.१.४ स्तम्भ रेखाचित्रको आधारमा छात्र र छात्राहरूको घटनावर्णन क्षमताको अध्ययन

लैङ्गिकताका आधारमा समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमता केकस्तो रह्यो भनी तुलना स्तम्भ रेखाचित्रबाट निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

**स्तम्भ चित्र नं. १६**

**छात्र छात्राहरूको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत स्तम्भचित्रमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको सबैभन्दा बढी ५१ देखि ६० को वर्गान्तरमा छात्र विद्यार्थी रहेको देखिन्छ । क्रमश ५१ देखि ६० को वर्गान्तरभित्र पर्ने छात्र १२ जना र ८१ देखि ९० को वर्गान्तर भित्र छात्रा ८ र छात्र ७ जना विद्यार्थीहरूको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि अन्यको भन्दा उच्च रहेको तथ्य चित्रले देखाउँछ ।

## ६.२ निष्कर्ष

प्रस्तुत अध्याय छमा लैङ्गिकताका आधारमा घटनावर्णन क्षमतालाई विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क अनुसार विद्यार्थीहरूको प्रतिशत निकालिएको छ । समग्र मध्यमान ५४.८९ प्रतिशत रहेको छ । जसमा छात्र विद्यार्थीको मध्यमान ५१.६६ रहेको छ भने छात्रा विद्यार्थीको औसत मध्यमान ५९.३७ रहेको छ । छात्र विद्यार्थीहरूको ५१.६६ औसत मध्यमान ५० देखि ६० प्रतिशतको वर्गान्तरमा वा पाँचौं श्रेणीमा रहेको छ । छात्रा विद्यार्थीहरूको ५९.३७ औसत मध्यमान ५० देखि ६० प्रतिशतको वर्गान्तरमा वा पाचौं श्रेणीमा रहेको छ । तसर्थ छात्र विद्यार्थीभन्दा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता ७.७१ प्रतिशतले माथि रहेको छ ।

अध्याय सात

# खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको विश्लेषण

प्रस्तुत अध्ययन खोटाङ जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता पहिल्याउने उद्देश्यमा आधारित छ । घटनावर्णन क्षमताको विश्लेषण गर्न विभिन्न आधारहरू लिइएको छ । ती आधारहरूमा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयका छात्र र छात्रा विद्यार्थी रहेका छन् । यस अध्यायमा कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति साथै प्रतिशत मध्यमानको आधारमा दृष्टांश अदृष्टांश घटनावर्णन क्षमतामा केकस्तो अन्तर रहेको छ भन्ने पत्ता लगाउन यस अध्यायमा तुलना गरिएको छ ।

## ७.१ विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान प्रतिशताङ्कलाई आधार मानी तुलना गरिएको छ, जुन निम्नानुसार देखाइएको छ :

**तालिका सङ्ख्या २१**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता**


| विद्यालयको प्रकृति | | ०-२० प्र. | २१-३० प्र. | ३१-४० प्र. | ४१-५० प्र. | ५१-६० प्र. | ६१-७० प्र. | ७१-८० प्र. | ८१-९० प्र. | ९१-९६ प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | सङ्ख्या | २ | ६ | १५ | ९ | ८ | ५ | २ | ० | ० |
| संस्थागत विद्यालय | | ० | ० | ४ | ५ | ८ | ७ | १० | १४ | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा संस्थागत रूपमा सञ्चालित ३ विद्यालयहरू र सामुदायिक रूपमा सञ्चालित ३ विद्यालयहरूबाट ४८/४८ जना विद्यार्थीहरू प्रतिनिधि नमुना छनोटको रूपमा समावेश गरिएको छ । क्रमशः सामुदायिक विद्यालयका घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ० देखि २० प्रतिशत २ जना, २१ देखि ३० प्रतिशत ६ जना, ३१ देखि ४० प्रतिगत १८ जना, ४१ देखि ५१ प्रतिशत ९ जना, ५१ देखि ६० प्रतिशत ८ जना, ६१ देखि ७०) प्रतिशत ५ जना, ७१ देखि ८० प्रतिशत २ जना, ८१ देखि ९० प्रतिशत शून्य जना भने ९० देखि ९६ प्रतिशत शून्य जना साथै संस्थागत विद्यालयतर्फ ० देखि ३० प्रतिशत सम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना, ३१ देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना रहेको पाइन्छ भने ४१ देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना, ५१ देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ जना, ६१ देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ जना, ७१ देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० जना, ८१ देखि ९० सम्मको सङ्ख्या १४ जना र ९१ देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको देखिन्छ । अझ स्पष्ट पार्न स्तम्भ रेखाचित्रमा तल देखाइएको छ :

**स्तम्भ सङ्ख्या १७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ७.१.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमताको अध्ययन

सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान प्रतिशताङ्कको आधारमा घटनावर्णन क्षमतालाई तल तालिकामा स्पष्ट पारिएको छ :

**तालिका सङ्ख्या २२**

**सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | २ | १५ | ३० |
| २०–३० | ६ | २५ | १५० |
| ३०–४० | १५ | ३५ | ५२५ |
| ४०–५० | ९ | ४५ | ४०५ |
| ५०–६० | ८ | ५५ | ४४० |
| ६०–७० | ५ | ६५ | ३२५ |
| ७०–८० | २ | ७५ | १५० |
| ८०–९० | ० | ८५ | ० |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= ४८ | | Σfm = २०२५ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$


= $\frac{२०२५}{४८}$

= ४२.१८ उत्तर

उक्त तालिकाका तथ्याङ्कअनुसार सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान ४२.१८ रहेको छ भने क्रमशः ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ जना, २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरको सङ्ख्या ६ जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ जना रहेका छन् भने ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना, ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ जना, ८० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना रहेको देखिन्छ । जसलाई स्तम्भ रेखाचित्रमा निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

**स्तम्भ सङ्ख्या १८**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ७.१.१.१ सामुदायिक विद्यालयका छात्रहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमताको अध्ययन

खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको सामुदायिक विद्यालयका छात्र विद्यार्थीहरूको प्रतिशताङ्क र मध्यमानका आधारमा गरिएको छ, जुन निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २३**

**सामुदायिक विद्यालयका छात्रको घटनावर्णन क्षमताको स्थिति**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०-२० | १ | १५ | १५ |
| २०-३० | ४ | २५ | १०० |
| ३०-४० | ३ | ३५ | १०५ |
| ४०-५० | ७ | ४५ | ३१५ |
| ५०-६० | ३ | ५५ | १६५ |
| ६०-७० | ५ | ६५ | ३२५ |
| ७०-८० | १ | ७५ | ७५ |
| ८०-९० | ० | ८५ | ० |
| ९०-९६ | ० | ९५ | ० |
| जम्मा | N= २४ | | Σfm = ११०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।


मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{११००}{२४}$ = ४५.८३ उत्तर

क्षमता भएका विद्यार्थीको सङ्ख्या शून्य जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या ३ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या ३ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या २ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या ५ जना ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या ५ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या २ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या शून्य जना रहेको पाइन्छ । अझ स्पष्ट पार्न स्तम्भ रेखाचित्रमा तल देखाइएको छ :

**स्तम्भ सङ्ख्या १९**

**सामुदायिक विद्यालयका छात्राहरूको घटनावर्णन स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ७.१.१.२ सामुदायिक विद्यालयका छात्राहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमताको अध्ययन

खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको सामुदायिक विद्यालयका छात्रा विद्यार्थीहरूको प्रतिशताङ्क र मध्यमानका आधारमा गरिएको छ, जुन निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २४**

**सामुदायिक विद्यालयका छात्राको घटनावर्णन क्षमता**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | १ | १५ | १५ |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ३ | ३५ | १०५ |
| ४०–५० | ६ | ४५ | २७० |
| ५०–६० | २ | ५५ | ११० |
| ६०–७० | ५ | ६५ | ३२५ |
| ७०–८० | ५ | ७५ | ३७५ |
| ८०–९० | २ | ८५ | १७० |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= २४ | | Σfm = १३७० |


स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$ = $\frac{१३७०}{२४}$ = ५७.०८ उत्तर

उक्त तालिकाअनुसार सामुदायिक विद्यालयका छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताका लागि छनोट परेका विद्यार्थीहरूको सङ्ख्या २४ जनामध्ये ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थी सङ्ख्या १ जना रहेको छ भने २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ जना रहेका छन् । ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३  जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना, ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या शून्य जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या शून्य जना रहेको पाइन्छ । अभ्र स्पष्ट पार्न स्तम्भ रेखखाचित्रमा तल देखाइएको छ :

**स्तम्भ सङ्ख्या २०**

**सामुदायिक विद्यालयका छात्रहरूको घटनावर्णन स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ७.१.१.३ सामुदायिक विद्यालयका छात्र र छात्राहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमताको अध्ययन

खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णनका अध्ययन गर्ने क्रममा सामुदायिक विद्यालयका छात्र र छात्रा विद्यार्थीहरूको प्रतिशताङ्क, मध्यमानका आधारमा तुलना गरिएको छ, जुन निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २५**

**सामुदायिक विद्यालयका छात्र र छात्राहरूको घटनावर्णन क्षमता**

| कूल विद्यार्थी संङ्ख्या | समग्र मध्यमान | समूह | | समूहगत संङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| जना | ५४.८९ | लैङ्गिकता | छात्र | २४ | ६ | २५ | १८ | ७५ |
| ९६ | | | छात्रा | २४ | १२ | ५० | १२ | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।


प्रस्तुत तालिका सामुदायिक विद्यालयका २४ छात्र र २४ छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटका रूपमा समावेश गरिएको छ । यी दुबै समूहका विद्यार्थीहरूको

समग्र मध्यमान ५४.८९ रहेको छ भने छात्रतर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ४५.८३ र छात्रातर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ५७.०८ रहेको देखिन्छ ।

समग्र मध्यमानलाई आधार मानी उक्त समूहगत मध्यमानलाई हेर्दा छात्रा विद्यार्थीहरूको ८.२५ ले तल रहेको पाइन्छ । उक्त तथ्याङ्कलाई आधार मानी छात्र र छात्रातर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक विश्लेषण गर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता ८.२५ ले उच्च रहेको कुरा स्पष्ट हुन्छ । छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ८.२५ ले बढी रहनुले उक्त कुराको पुष्टि हुन्छ । अझ स्पष्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ सङ्ख्या २१**

**सामुदायिक विद्यालयका छात्र र छात्राहरूको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ७.१.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमताको अध्ययन

संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान प्रतिशताङ्कको आधारमा घटनावर्णन क्षमतालाई तल तालिकामा स्पष्ट पारिएको छ :

## तालिका सङ्ख्या २६

## संस्थागत विद्यालयका विद्यार्थीको मध्यमान

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | ४ | ३५ | १४० |
| ४०-५० | ५ | ४५ | २२५ |
| ५०-६० | ८ | ५५ | ४४० |
| ६०-७० | ७ | ६५ | ४५५ |
| ७०-८० | १० | ७५ | ७५० |
| ८०-९० | १४ | ८५ | ११९० |
| ९०-९६ | ० | ९५ | ० |
| जम्मा | N= ४८ | | Σfm = ३२०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{३२००}{४८}$

= ६६.६६ उत्तर


प्रस्तुत तालिकालाई विश्लेषण गर्दा कुल ४८ जना संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ६६.६६ देखिन्छ । ६६.६६ औसत मध्यमान ६० देखि ७० को वर्गान्तर बिचमा रहेको छ । संस्थागत विद्यालयका

विद्यार्थीको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि ६६.६६ प्रतिशत भएको तथ्य तालिकाले देखाउँछ ।

उक्त तालिकाका तथ्याङ्कअनुसार ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना, २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना रहेका छन् भने ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ जना रहेका छन् । ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १४ जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य जना रहेको देखिन्छ । उक्त तथ्याङ्कको आधारमा कक्षा सातमा अध्ययनरत ससंस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता मध्यमान ६६.६६ लाई आधार मान्दा मध्यम खालको पाइएको छ । जसलाई स्तम्भ चित्रबाट निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

**स्तम्भ सङ्ख्या २२**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ७.१.२.१ संस्थागत विद्यालयका छात्रहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमताको अध्ययन

खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको प्रतिशताङ्क र मध्यमानका आधारमा गरिएको छ, जुन निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २७**

**संस्थागत विद्यालयका छात्रको घटनावर्णन क्षमता**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | १ | १५ | १५ |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | २ | ३५ | ७० |
| ४०–५० | ५ | ४५ | २२५ |
| ५०–६० | ५ | ५५ | २७५ |
| ६०–७० | ० | ६५ | ० |
| ७०–८० | ४ | ७५ | ३०० |
| ८०–९० | ७ | ८५ | ५९५ |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= २४ | | Σfm = १४८० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$


$$= \frac{१४८०}{२४}$$

= ६१.६६ उत्तर

उक्त तालिकाअनुसार संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमताका लागि छनोटमा परेका विद्यार्थीहरूको सङ्ख्या २४ जनामध्ये ० देखि २० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या १ जना रहेको छ। त्यस्तैगरी २० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या शून्य जना ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या २ जना, ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या ५ जना रहेका छन्। ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या ५ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या शून्य जना, ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या ४ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थको सङ्ख्या ७ जना, ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या शून्य जना रहेको पाइन्छ। यसलाई अझ स्पष्ट पार्न स्तम्भ रेखाचित्रमा तल देखाइएको छ :

**स्तम्भ सङ्ख्या २३**

**संस्थागत विद्यालयका छात्रको घटनावर्णन स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३।

### ७.१.२.२ संस्थागत विद्यालयका छात्राहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको संस्थागत विद्यालयका छात्रा विद्यार्थीहरूको प्रतिशताङ्क र मध्यमानका आधारमा गरिएको छ, जुन निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २८**

**संस्थागत विद्यालयका छात्राको घटनावर्णन क्षमता**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | fm |
|---|---|---|---|
| ०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | १ | ३५ | ३५ |
| ४०–५० | २ | ४५ | ९० |
| ५०–६० | ५ | ५५ | २७५ |
| ६०–७० | ३ | ६५ | १९५ |
| ७०–८० | ६ | ७५ | ४५० |
| ८०–९० | ७ | ८५ | ५९५ |
| ९०–९६ | ० | ९५ | ० |
| जम्मा | N= २४ | | Σfm = १६४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान $(\bar{X}) = \frac{\Sigma fm}{N}$


$$= \frac{१६४०}{२४}$$

= ६८.३३ उत्तर

उक्त तालिकाअनुसार सामुदायिक विद्यालयका छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताका लागि छनोट परेका विद्यार्थीहरूको सङ्ख्या २४ जना मध्ये ० देखि ३० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थी सङ्ख्या शून्य जना, ३० देखि ४० प्रतिशतसम्म घटनावर्णन क्षमता भएका विद्यार्थीको सङ्ख्या १ जना रहेको छ भने ४० देखि ५० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या २ जना, ५० देखि ६० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या ५ जना, ६० देखि ७० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या ३ जना रहेका छन् । ७० देखि ८० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या ६ जना, ८० देखि ९० प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या सात जना र ९० देखि ९६ प्रतिशतसम्म घटनावर्णन क्षमता भएको विद्यार्थीको सङ्ख्या शून्य जना रहेको पाइन्छ । उक्त तथ्याङ्कको आधारमा संस्थागत विद्यालयका छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ६८.३३ रहेको देखिन्छ । यसलाई अझ स्पष्ट पार्न स्तम्भ रेखाचित्रमा तल देखाइएको छ :

**स्तम्भ सङ्ख्या २४**

**संस्थागत विद्यालयका छात्राको घटनावर्णन स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ७.१.२.३ संस्थागत विद्यालयका छात्र, छात्राहरूको मध्यमानका आधारमा घटनावर्णन क्षमताको अध्ययन

खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्ने क्रममा संस्थागत विद्यालयका छात्र र छात्रा विद्यार्थीहरूको प्रतिशताङ्क मध्यमानका आधारमा तुलना गरिएको छ, जुन निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २९**

**संस्थागत विद्यालयका छात्र र छात्राहरूको घटनावर्णन क्षमता**

| कूल विद्यार्थी संङ्ख्या | समग्र मध्यमान | समूह | | समूहगत संङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| जना | ५४.८९ | लैङ्गिकता | छात्र | २४ | १६ | ६६.६६ | ८ | ३३.३३ |
| ९६ | | | छात्रा | २४ | २१ | ८७.५ | ३ | १२.५ |


स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिका संस्थागत विद्यालयका २४ छात्र २४ छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटका रूपमा समावेश गरिएको छ । यी दुबै समूहका विद्यार्थीहरूको समग्र मध्यमान ५४.८९ रहेको छ भने छात्रतर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ६१.६६ र छात्रातर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ६८.३३ रहेको पाइन्छ ।

समग्र मध्यमानलाई आधार मानी उक्त समूहगत अध्ययनलाई हेर्दा छात्रा विद्यार्थीहरूको ६.७७ ले बढी रहेको छ भने छात्र विद्यार्थीहरूको मध्यमान ६.७७ ले तल रहेको पाइन्छ । उक्त तथ्याङ्कलाई आधार मानी छात्र र छात्रातर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक विश्लेषण गर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता ६.७७ ले उच्च रहेको कुरा स्पष्ट हुन्छ । छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ६.७७ ले बढी रहनुले उक्त कुराको पुष्टि हुन्छ । अझ स्पष्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ सङ्ख्या २५**

**संस्थागत विद्यालयका छात्र र छात्राहरूको घटनावर्णन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ७.१.३ समग्र मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका दृष्टिले घटनावर्णन क्षमताको स्थिति

खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्ने क्रममा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्क आधारमा तुलना गरिएको छ, जुन निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ३०**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता**

| कूल विद्यार्थी संङ्ख्या | समग्र मध्यमान | समूह | | समूहगत संङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| जना | ५४.८९ | विद्यालयको प्रकृति | सामुदायिक | ४८ | १४ | २९.१६ | ३२ | ६६.६६ |
| ९६ | | | संस्थागत | ४८ | ४९ | १०२.०८ | ९ | १८.७५ |


स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिका संस्थागत रूपमा सञ्चालित ३ विद्यालयहरू र सामुदायिक रूपमा सञ्चालित ३ विद्यालयहरूबाट ४८-४८ जना विद्यार्थीलाई प्रतिनिधि नमुना छनोटको रूपमा समावेश गरिएको छ । यी दुवै समूहका विद्यार्थीहरूको समग्र मध्यमान ५४.८९ रहेको छ भने संस्थागततर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ६६.६६ र सामुदायिकतर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान ४२.१८ रहेको देखिन्छ ।

समग्र मध्यमानलाई आधार मानी उक्त समूहगत मध्यमानलाई हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान २४.४८ ले बढी रहेको छ भने सामुदायिक विद्यालयतर्फका विद्यार्थीहरूको मध्यमान २४.४८ ले तल रहेको पाइन्छ । उक्त तथ्याङ्कलाई आधार मानी संस्थागत र सामुदायिक विद्यालयतर्फका विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता २४.४८ प्रतिशतले उच्च रहेको कुरा स्पष्ट हुन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान २४.४८ ले बढी रहनुले उक्त कुराको पुष्टि हुन्छ । अझ प्रष्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र सङ्ख्या २६**

**सामुदायिक र संस्थागत विद्यालयहरूको घटनावर्णन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत स्तम्भ चित्र संस्थागत रूपमा सञ्चालित ३ विद्यालय र सामुदायिक रूपमा सञ्चालित ३ विद्यालयहरूबाट ४८-४८ जना विद्यार्थीलाई प्रतिनिधि नमुना छनोटको रूपमा समावेश गरिएको छ । स्तम्भ चित्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थी ० देखि २० प्रतिशतमा २ जना, २१ देखि ३० प्रतिशतमा ५ जना, ३१ देखि ४० प्रतिशतमा १५ जना, ४१ देखि ५० प्रतिशतमा ९ जना, ५१ देखि ६० प्रतिशतमा ९ जना, ६१ देखि ७० प्रतिशतमा ५ जना, ७१ देखि ८० प्रतिशतमा २ जना, ८१ देखि ९६ प्रतिशतमा शून्य  जना रहेको छ भने संस्थागत विद्यालयको क्रमश ० देखि २० प्रतिशतमा ० जना, २१ देखि ३० प्रतिशत ० जना, ३१ देखि ४० प्रतिशत ४ जना, ४१ देखि ५० प्रतिशत ५ जना, ५१ देखि ६० प्रतिशत ८ जना ६१ देखि ७० प्रतिशतमा ७ जना, ७१ देखि ८० प्रतिशतमा १० जना, ८१ देखि ९० प्रतिशतमा १४ जना छ भने ९१ देखि ९६ प्रतिशतमा शून्य विद्यार्थी रहेको तथ्य चित्रले देखाउँछ ।

सामुदायिक विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता बढी हुनुका कारणहरू धेरै हुन सक्छन् । जसमध्ये सामुदायिक विद्यालयका शिक्षकहरूको पर्याप्त दरबन्दी नहुनु, विद्यार्थी सङ्ख्याको आधारमा कक्षालाई सेक्सन विभाजन गरी अध्यापन नगर्नु, सामुदायिक विद्यालयका शैक्षिक सामग्रीको कम प्रयोग हुनु, विद्यार्थीहरूले पर्याप्त सन्दर्भ सामग्रीहरूको प्रयोग गर्ने अवसर नपाउनुजस्ता प्रमुख कारणहरू हुन सक्छन् । यसको तुलनामा संस्थागत विद्यालयमा पर्याप्त मात्रामा शिक्षकहरू हुनु, विद्यार्थी सङ्ख्याको आधारमा सेक्सन विभाजन गरी अध्यापन गराउनु, विद्यार्थीहरूको पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू प्रयोग गर्न पाउनु, शिक्षक पनि दक्ष र अनुभवी हुनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो भएको पाइएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्याय सातमा विद्यालयका प्रकृतिका आधारमा घटनावर्णन क्षमतालाई विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कअनुसार विद्यार्थीहरूको प्रतिशत निकालिएको छ । सामुदायिक र संस्थागत विद्यालयको समग्र मध्यमान ५४.८९ प्रतिशत रहेको छ । जसमा सामुदायिक विद्यालयको विद्यार्थीको मध्यमान ४२.१८ रहेको छ । ४२.१८ औसत मध्यमान

४० देखि ५० प्रतिशतको वर्गान्तरमा रहेको छ भने संस्थागत विद्यालयको विद्यार्थीको मध्यमान ६६.६६ प्रतिशत रहेको छ । ६६.६६ औसत मध्यमान ६० देखि ७० प्रतिशतको वर्गान्तरमा रहेको छ । तसर्थ सामुदायिक विद्यालयको विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता २४.४८ प्रतिशतले माथि रहेको छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

'खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले घटनावर्णन क्षमताको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्रलाई अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा, अध्याय तिनमा शोध विधि र प्रक्रिया, अध्याय चारमा समग्र घटनावर्णन क्षमताको व्याख्या विश्लेषण अध्याय पाँचमा भाषिक पृष्ठभूमिका आधारमा तुलनात्मक विश्लेषण, अध्याय छमा लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको तुलनात्मक विश्लेषण र अध्याय सातमा विद्यालयका प्रकृतिका आधारमा घटनावर्णन क्षमताको तुलनात्मक विश्लेषण र अध्याय आठमा सारांश, निष्कर्ष र उपयोगिता गरी जम्मा आठ अध्यायमा विभाजन गरी अध्ययन कार्य गरिएको छ । प्रस्तुत अध्ययन खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता पहिचान गर्नु, कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा घटनावर्णन क्षमताको स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको छ ।

प्रस्तुत शोधकार्यका लागि खोटाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयअन्तर्गत कक्षा सातको विद्यार्थीहरूलाई छनोट गरी अध्ययन सम्पन्न गरिएको छ । जसका लागि ३ ओटा सामुदायिक र ३ ओटा संस्थागत विद्यालयहरूबाट ९६ जना जम्मा विद्यार्थीहरूमध्ये ४८ छात्र र ४८ छात्राहरू समावेश छन् । अध्ययनका लागि आवश्यक समग्र तथ्याङ्क सङ्कलनका लागि नमुना छनोट पद्धतिलाई अपनाइएको छ । यो अध्ययन क्षेत्र भ्रमण विधिमा आधारित छ । उक्त विद्यार्थीहरूमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता साथै भाषिक पृष्ठभूमिको आधारमा मातृभाषी र विमातृभाषी, उक्त विद्यार्थीहरूको लैङ्गिक आधार छात्र र छात्रा साथै विद्यालयका प्रकृतिका आधारमा सामुदायिक संस्थागत रूपमा विभाजन गरी तुलनात्मक विश्लेषण गरिएको छ । विश्लेषण गर्ने आधार भनेको मध्यमान र प्रतिशतलाई लिइएको छ ।

कुल ९६ जना विद्यार्थीमध्ये क्रमश ० देखि २० प्रतिशत २ जना, २१ देखि ३० प्रतिशत ७ जना, ३१ देखि ४० प्रतिशत १८ जना ४१ देखि ५० प्रतिशत १३ जना, ५१ देखि ६० प्रतिशत १९ जना, ६१ देखि ७० प्रतिशत ११ जना, ७१ देखि ८० प्रतिशत १२ जना, ८१ देखि ९० प्रतिशत १४ जना र ९१ देखि ९६ प्रतिशत ० जना विद्यार्थीहरूको घटनावर्णन क्षमता रहेको देखिन्छ । सबैभन्दा बढी १९ जना विद्यार्थीको घटनावर्णन क्षमता ५१ देखि ६० प्रतिशत छ भने सबैभन्दा कम ० जना ९१ देखि ९६ प्रतिशत विद्यार्थीहरू रहेको छ ।

प्रस्तुत अध्ययन कुल ९६ जना विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५४.८९ देखिन्छ । ५४.८९ औसत मध्यमान ५० देखि ६० को वर्गान्तर बिचमा रहेको छ । विद्यार्थीको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि ५४.८९ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ ।

कुल ४८ जना मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५५.४१ देखिन्छ । ५५.४१ औसत मध्यमान ५० देखि ६० प्रतिशत बिचमा रहेको छ । मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको सिकाइ उपलब्धि ५५.४१ प्रतिशत भएको तथ्य अध्ययनले देखाउछ । कुल ४८ जना विमातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको औसत अवस्था ५३.५४ देखिन्छ । ५३.५४ औसत मध्यमान ५० देखि ६० को वर्गान्तर बिचमा रहेको छ । विमातृभाषी विद्यार्थीको घटनावर्णन क्षमताको सिकाइ उपलब्धि ५३.५४ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ ।

लैङ्गिकताका आधारमा कुल ४८ जना छात्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५१.६६ देखिन्छ । ५१.६६ औसत मध्यमान ५० देखि ६० को वर्गान्तर बिचमा रहेको छ । कुल ४८ जना छात्रा विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५९.३७ देखिन्छ । ५९.३७ औसत मध्यमान ५० देखि ६० को वर्गान्तर बिचमा रहेको छ ।

विद्यालयको प्रकृतिको आधारमा कुल ४८ जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ४२.१८ प्रतिशत रहेको छ । ४२.१८ प्रतिशत औसत मध्यमान ४० देखि ५० को वर्गान्तर बिचमा रहेको छ । सामुदायिक विद्यालयको विद्यार्थीको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि ४२.१८ प्रतिशत भएको तथ्य अध्ययनले देखाउछ । त्यसैगरी कुल ४८ जना संस्थागत विद्यालयका

विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ६६.६६ प्रतिशत औसत मध्यमान ६० देखि ७० को वर्गान्तरमा रहेको छ । संस्थागत विद्यालयको विद्यार्थीहरूको घटनावर्णन क्षमताको औसत सिकाइ उपलब्धि ६६.६६ प्रतिशत अध्ययनले देखाउछ ।

अध्ययनबाट हेर्दा घटनावर्णन क्षमताको समग्र स्थितिमा छात्राभन्दा छात्र अलि कमजोर रहेको देखिएको छ । त्यसैगरी मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको तुलना गर्दा मातृभाषी विद्यार्थीहरू केही मात्रामा उच्च रहेको देखिएको छ । यस अध्ययनलाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता अलि उच्च रहेको देखिन्छ ।

## ८.२ निष्कर्ष

प्रस्तुत शोधकार्य खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । तिन सामुदायिक र तिन संस्थागत विद्यालयबाट १६/१६ जना गरी जम्मा ९६ जना छात्र छात्रा विद्यार्थीहरूबाट प्राप्त नतिजाका आधारमा निम्नलिखित निष्कर्ष निकालिएको छ :

(क) समग्र विद्यार्थीहरूको घटना वर्णन क्षमताको प्रतिशताङ्को स्थिति गणना गर्दा ५४.८९ प्रतिशत विद्यार्थीहरूको घटनावर्णन क्षमता रहेको पाइन्छ ।

(ख) प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश घटनावर्णन क्षमतालाई विश्लेषण गर्दा दृष्टांश मध्यमान ५५.८३ रहेको देखिन्छ भने अदृष्टांश मध्यमान ४८.८० रहेको देखिन्छ । यसरी दुवै मध्यमानलाई हेर्दा अदृष्टांश घटनावर्णन क्षमताको मध्यमानभन्दा दृष्टांश घटनावर्णन क्षमताको मध्यमान ७.०३ प्रतिशतले बढी रहेको देखिन्छ ।

(ग) भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५५.४१ देखिन्छ भने विमातृभाषी विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५३.५४ देखिन्छ । यसरी मातृभाषी विद्यार्थी र विमातृभाषी विद्यार्थी बिचको अन्तर मध्यमान औसत अवस्था १.८७ देखिन्छ । सोही कारण विमातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताभन्दा मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता बढी देखिन्छ ।

(घ) समग्र लैङ्गिकताका आधारमा विभाजन गरी ४८ छात्र र ४८ छात्रा गरी ९६ जना विद्यार्थीहरूलाई समावेश गरिएकोमा छात्र विद्यार्थीको मध्यमान ५१.६६ र छात्रा विद्यार्थीको मध्यमान ५९.३७ रहेको छ भने समग्र मध्यमान ५४.८९ देखिएको छ । यसरी हेर्दा छात्र विद्यार्थीको घटनावर्णन क्षमताको तुलना गर्दा छात्रा विद्यार्थीको घटनावर्णन क्षमता ४.४८ प्रतिशतले बढी रहेको पाइन्छ ।

(ङ) विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश घटनावर्णन क्षमताको समग्र मध्यमानलाई आधार मानी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता ४२.१८ रहेको पाइयो भने संस्थागत विद्यालयका विद्यार्थीहरूको समग्र घटनावर्णन क्षमता ६६.६६ प्रतिशत यसरी सामुदायिक विद्यालय र संस्थागत विद्यालयको विद्यार्थीको घटनावर्णन क्षमता तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता २४.४८ प्रतिशतले उच्च रहेको पाइयो ।

(च) समग्र मध्यमानका आधारमा विमातृभाषी विद्यार्थी र मातृभाषी विद्यार्थीहरूको घटना वर्णन क्षमतालाई विश्लेषण गर्दा मध्यमान औसत अवस्था ५३.५४ रहेको पाइयो भने मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमान औसत अवस्था ५५.४१ देखिन्छ भने मातृभाषी विद्यार्थी र विमातृभाषी विद्यार्थीको घटनावर्णन क्षमता मध्यमानका आधारमा तुलना गर्दा मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता १.८७ प्रतिशतले उच्च रहेको पाइयो ।

## ८.३ उपयोगिता

जुनसुकै विषयमा शोध अध्ययनपश्चात् शोध निष्कर्षमा पुग्दछ । यसले नीतिगत तथा प्रयोगात्मक तहमा आवश्यक परिवर्तनको लागि दिशा निर्देश गर्दछ, जुन यसप्रकार छ :

### ८.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनका नीतिगत तहलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) प्रस्तुत अध्ययनबाट आधारभूत तहमा नेपाली भाषा पाठ्यक्रम निर्माण परिष्कार परिमार्जन गर्न सहयोग मिल्नेछ ।

(ख) आधारभूत तहमा घटनावर्णन कार्यकलापको महत्त्व तथा आवश्यकताबारे बोध गराउनेछ ।

(ग) भाषा पाठ्युपस्तक निर्माण गर्दा समाविष्ट गरिएको भाषिक सिपहरू विद्यार्थीको क्षेत्र, लिङ्ग, भाषिक पृष्ठभुमि र उमेर आदि कुराहरूलाई मध्येनजर गरी समावेश गर्नुपर्दछ भन्ने कुराप्रति सचेत र सजग बनाउँदछ ।

(घ) यस अध्ययनले लेखाइसिपको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउने छ ।

(ङ) विद्यार्थीहरूको मनोविज्ञानलाई ध्यानमा राखी उनीहरूको रुचि र स्तरअनुसारका पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ भन्ने कुरामा सहयोग मिल्नेछ ।

(च) भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा सिर्जनात्मक अभ्यासको उपयुक्तताको महत्त्व दर्शाउने छ ।

(छ) यस अध्ययनले भाषाशिक्षणसँग सम्बन्धित विधि तथा पद्धतिमा थप अनुसन्धान गर्ने आधार दिनेछ ।

(ज) भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्येतालाई सहयोग तथा प्रेरित गर्नेछ ।

**८.३.२ प्रयोगात्मक तह**

प्रस्तुत अध्ययनमा प्रयोगात्मक तहलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) बहुभाषी, बहुजाती तथा लिङ्ग आदिमा हुने घटनावर्णन क्षमताको पहिचान गर्ने,

(ख) घटनावर्णनसम्बन्धी अनुसन्धानका क्रममा आएका कमजोरी सुधार गर्ने,

(ग) विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामग्री निर्माण, शिक्षण विधि र प्रविधि छनोट गर्नमा सहयोग गर्ने,

(घ) यस शोधपत्रले विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गराउँदा विषय शिक्षकलाई भाषिक सचेतताका बारेमा थप सहयोग गर्ने,

(ङ) विद्यार्थीहरूको लेखन सिपको विकास गराउँदा व्याकरण र वर्णविन्यास त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउने,

(च) प्रस्तुत शोधपत्रले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई घटनावर्णन लेखन सिप विकास गर्न सहयोग गर्ने,

(छ) आवश्यक वातावरण सिर्जना गर्न अभिभावकलाई पनि आफ्ना सन्तानको वास्तविकता बोध तथा क्षमताको ज्ञान हासिल गर्ने,

(ज) घटनावर्णन क्षमताको पहिचान गर्ने ।

## सन्दर्भसूची


अधिकारी, बालकृष्ण (२०७१), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६१); *प्रारम्भिक नेपाली शिक्षा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कँडेल, झलकनाथ (२०६८), 'बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खतिवडा, चित्रप्रसाद (२०६६), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चित्र तथा वस्तु वर्णन सम्बन्धी लिखित क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

निरौला, दीपकबाबु (२०६२), 'कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

निरौला, राजेन्द्र (२०६५), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

नेपाल, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८),* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, उत्तम (२०६५), 'सिन्धुली जिल्ला कक्षा छमा अध्ययनरत दनुवारी मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपालीमा लिखित अभिव्यक्ति क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, तीर्थराम (२०६५), 'कक्षा नौ पूरा गरेका विद्यार्थीहरूले बादविवाद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, मोहन (२०६५), 'नवलपरासी जिल्लाका कक्षा छ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, ओझा, रामनाथ र अर्याल, डोलराज (२०७१), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

भण्डारी, विष्णुबहादुर (२०७२), 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामो अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

रिजाल, मन्दोदरी (२०७२), 'कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

रेग्मी, विद्यादेवी (२०६४), 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लम्साल, रामचन्द्र, अधिकारी, बाबुराम, गौतम, वासुदेव, अधिकारी, गणेशराज (२०६७), *साहित्यशास्त्र, नेपाल समालोचना र शोधविधि,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, पदमराज (२०७२), 'अछाम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

सुवेदी, लालानाथ र भट्टराई, बद्रीविशाल (२०७१), *नेपाली किताब कक्षा सात,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।